# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३०७ | काठमाडौं | शनिबार, २३ फागुन २०८२ | Prabhab National Daily | Saturday, 07 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# रास्वपा दुईतिहाइको जिततर्फ

- शुक्रबार राति ११:३० बजेसम्म छ सिटमा जित हात पारेको रास्वपा १०७ स्थानमा अगाडि
- समानुपातिकमा ६० भन्दा बढी सिट जित्ने संकेत
- दुईतिहाइका लागि आवश्यक १८४ सिटतर्फ अघि बढ्दै रास्वपा
- कांग्रेस, एमाले र नेकपाको लज्जास्पद हार
- एमाले अध्यक्ष केपी ओली झापा-५ र कांग्रेस सभापति गगन थापा सर्लाही-४ मा रास्वपा उम्मेदवारभन्दा पछि

**प्रभाव संवाददाता**



काठमाडौं निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रास्वपाकी रञ्जु दर्शना (बायाँ) र उनको विजयमा खुसियाली मनाउँदै रास्वपा कार्यकर्ता। *तस्बिरः रासस*

**काठमाडौं–** प्रतिनिधिसभा सदस्यका लागि बिहीबार भएको निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ऐतिहासिक जित हात पार्दै आगामी सरकार गठन गर्ने देखिएको छ। मतगणना जारी रहँदा रास्वपाका उम्मेदवाररूपले अधिकांश निर्वाचन क्षेत्रमा अग्रता लिइरहेका छन्। प्रारम्भिक नतिजाअनुसार यो दल दुईतिहाइ बहुमत ल्याउनेतर्फ अघि बढेको छ।

प्रतिनिधिसभा कूल २७५ सिटको हो। जसमा १६५ सांसद पहिलो हुने निर्वाचित हुने प्रणाली अर्थात् प्रत्यक्ष र ११० सांसद समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित हुन्छन्। यो समाचार तयार पार्दासम्म रास्वपाले प्रत्यक्षतर्फ सात वटा निर्वाचन क्षेत्रमा जित हात पारिसकेको छ भने १०७ स्थानमा अग्रता कायम गरेको छ।

समानुपातिकतर्फ पनि रास्वपा बलियो देखिएको छ। ३१ हजार ८८२ मत गणना हुँदा रास्वपाले १८ हजार ८३० मत पाएको छ। यो भनेको लगभग ६० प्रतिशत मत हो। रास्वपाले यो दर कायमै राखेमा समानुपातिकमामात्रै ६० भन्दा बढी सिट जित्ने देखिन्छ। दुई तिहाइका लागि १८४ सिट आवश्यक हुन्छ।

रास्वपाको लागि पहिलो जित काठमाडौं-१ बाट रञ्जु दर्शनाले निकालिन्। रञ्जुले १५ हजार ४५५ मत पाउँदै जित निकालेकी हुन्। त्यसैगरी काठमाडौं-३ बाट राजुनाथ पाण्डे, काठमाडौं-६ बाट शिशिर खनाल, काठमाडौं-७ बाट गणेश पराजुली, काठमाडौं-८ बाट विराजभक्त श्रेष्ठ, काठमाडौं-१० बाट प्रदीप विष्ट र कास्की-३ बाट बिना गुरुङले जित निकालेका छन्। काठमाडौंका अन्य चार वटा क्षेत्र र कास्कीका दुई क्षेत्रमा पनि रास्वपाका उम्मेदवाररूप जितउन्मुख रहेका छन्।

भक्तपुरका दुवै क्षेत्र र ललितपुरका तीनवटै क्षेत्रमा रास्वपाले अग्रता कायम गरिरहेको छ। निर्वाचन आयोगका अनुसार १४५ क्षेत्रमा मतगणना जारी रहँदा रास्वपाले १०७ स्थानमा अग्रता कायमै राखेको छ।

रास्वपाका सभापति रवि लामिछानेले चितवन-२ मा फराकिलो अग्रता लिइरहेका छन्। वरिष्ठ नेता बालेन्द्र शाहले झापा-५ बाट अग्रता कायम गरिरहेका छन्। शाहलाई रास्वपाले प्रधानमन्त्रीका रूपमा अघि सारेको छ। यहाँ नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली रास्वपाका उम्मेदवार शाहसँग फराकिलो मतान्तरले पछि परेका छन्। यता रास्वपाका प्रवक्ता मनिष झाले पनि आफ्नो जित निश्चित गरेका छन्। कांग्रेसका महामन्त्री प्रदीप पौडेल काठमाडौं-५ मा रास्वपाका सस्मित पोखरेलभन्दा निकै पछि छन्।

साढे तीन वर्षअघिमात्र गठन भएको रास्वपाको यो दोस्रो निर्वाचन हो। २०७९ को मंसिरमा भएको निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी २१ सिट जितेको थियो। यसपटक भने पुराना दलरूपलाई निकै पछि पार्दै दुईतिहाइ बहुमत ल्याउनेतर्फ अघि बढेको हो।

नेपाली कांग्रेसले प्रत्यक्षतर्फको १६५ सिटमध्ये तीन सिटमा जित निकालेको छ। कांग्रेसले मनाङ, मुस्ताङ र रसुवामा जित निकालेको हो। मुस्ताङमा योगेश गौचन थकाली निर्वाचित हुँदा मुस्ताङमा टेकबहादुर गुरुङ र रसुवामा मोहन आचार्य निर्वाचित भएका छन्। निर्वाचन आयोगका अनुसार यो समाचार तयार पार्दासम्म कांग्रेस १० स्थानमा अग्रता गरी रास्वपाभन्दा धेरै पछि रहेको छ।

क्रमशः पृष्ठ २ मा

## एकसाथ बढारिए ठूला तीन दल

यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा आफूलाई सर्वेसर्वा ठान्ने मुख्य तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को लज्जास्पद हार हुने निश्चित भएको छ। जेन-जी विद्रोहअघि नेपालीमाथि मैमत्ता शासनमा यी तीन दलको राज चल्थ्यो।

यसरी राज चलाउने शासक थिए कांग्रेसका शेरबहादुर देउवा, एमालेका केपी ओली र तत्कालीन माओवादी केन्द्र (हाल नेकपा)का पुष्पकमल दाहाल। सुशासनमा निकै कमजोर यी तीन दलमाथि बेलाबेला सडकबाट आवाज उठे पनि उनीरूप सुन्दैनथे।

जेन-जी विद्रोहपछि एमाले र कांग्रेसको गठबन्धनमा बनेको सरकार ढल्यो। जसलाई एमाले अध्यक्ष ओलीले नेतृत्व गरिरहेको थियो। सत्तासहयात्री थियो कांग्रेस। भदौ २३ गते जेन-जी विद्रोहको क्रममा नयाँ बानेश्वरस्थित संसद् भवन अगाडि १९ जना युवाको मृत्युपछि ओली नेतृत्वको सरकार ढलेको थियो।

लगत्तै पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन भयो। यो बीचमा जेन-जीको चाहनाअनुसार भन्दै एमालेले ११औं महाधिवेशन गर्‍यो। तर नेतृत्वमा ओली नै दोहोरिए। यता दाहालले भने एकीकृत समाजवादीलगायत केही पार्टीसँग एकता गरी नेकपा गठन गरे।

कांग्रेसले पुसको अन्तिममा विशेष महाधिवेशन गरी देउवालाई सभापतिबाट हटाएर गगन थापा सभापति बने। तीनै पार्टीले आफूलाई आद्यावधिक गरे पनि यो निर्वाचनमा जनताले भने पत्याएनन्।

क्रमशः पृष्ठ २ मा



### प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२

| पार्टी | अग्रता | जित |
|---|---|---|
| | १०७ | ७ |
| | ९ | ३ |
| | १४ | ० |
| | १० | २ |
| | ६ | ० |
| | १ | ० |
| | १ | ० |
| | १ | ० |
| स्वतन्त्र | १ | ० |

*शुक्रबार राति ११:३० बजेसम्मको मत परिणाममा आधारित*

## दलको नेतृत्वमध्ये लामिछाने र दाहालमात्रै संसद्मा !

एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति गगन थापालगायत अन्य दलका नेतत्वको संसद् यात्रा अनिश्चित

**प्रभाव संवाददाता**

**काठमाडौं–** दलको नेतृत्वमा रहेकारूपमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीबाट सभापति रवि लामिछाने र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले नयाँ प्रतिनिधिसभामा आफ्नो यात्रा सुनिश्चित गरेका छन्। बिहीबार भएको निर्वाचनमा नेकपा संयोजक दाहाल रुकुमपूर्वबाट निर्वाचित हुँदै पुन सदनको यात्रा निश्चित गरेका हुन्।

पूर्वप्रधानमन्त्री दाहाल १० हजार २४० मतसहित प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका लीलामणि गौतमले तीन हजार ४६२ मत पाएका छन्। नेपाली कांग्रेसकी उम्मेदवार कुसुमदेवी थापाले तीन हजार ८१ मत पाइन्। यता रास्वपा सभापति लामिछानेले फेरि पनि प्रतिनिधिसभाको यात्रा निश्चित गरेका छन्।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### रेमिट्यान्समा निर्भर अर्थतन्त्र

## रास्वपा नेतृत्वको भावी सरकारले हटाउला त वैदेशिक रोजगारीको बाध्यता ?

**ममता थापा**




**काठमाडौं–** मुलुकको अर्थतन्त्रमा विप्रेषण (रेमिटचान्स) को भूमिका महत्त्वपूर्ण रहँदै आएको छ। वैदेशिक रोजगारीमा गएका लाखौं नेपालीले पठाउने रेमिटचान्सले अर्थतन्त्रलाई चलायमान बनाइरहेको छ। तर रेमिटचान्समा बढ्दो निर्भरता दिर्घकालीनरूपमा चुनौतीपूर्ण बन्नेमा विज्ञहरू एकमत देखिन्छन्।

गत आर्थिक वर्ष २०८१/८२ मा आठ लाख ३९ हजारभन्दा बढी युवा रोजगारी खोज्दै विभिन्न मुलुक गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले करिब २२ लाख नेपाली विदेशमा बसोबास गरिरहेको देखाएको थियो। तर, हाल उक्त संख्या बढिसकेको विभिन्न तथ्यांकले पुष्टि गरेको छ। हालैमात्र परराष्ट्र मन्त्रालयले मध्यपूर्व क्षेत्रमामात्रै १७ लाख २९ हजार नेपाली रहेको तथ्यांक सार्वजनिक गरेको छ। यद्यपि, यो वैधानिकरूपमा गएकाहरूको मात्र तथ्यांक हो। अवैधानिक रूपमा यस क्षेत्रमा हजारौंको संख्यामा नेपालीहरू कार्यरत रहेका छन्।

गत आर्थिक वर्षमै १७ खर्ब २३ अर्ब रूपैयाँ रेमिटचान्स मुलुक भित्रिएको थियो। जुन पछिल्लो वर्षयताकै धेरै हो। आर्थिक वर्ष २०६५/६६ मा दुई खर्ब नौ अर्ब रूपैयाँ रेमिटचान्स भित्रिएको थियो। उक्त आर्थिक वर्षमा दुई लाख १९ हजार ९६५ जना वैदेशिक रोजगारीमा गएका थिए। त्यसयता रोजगारीमा जानेहरू वृद्धि हुनु, दक्ष कामदार विदेसिनु, खाडीबाहेकका मुलुकमा पुग्नुजस्ता कारणले मुलुक भित्रने रेमिटचान्स वृद्धि भएको पाइन्छ। रेमिटचान्सले कूल गाहर्स्थ उत्पादन (जिडिपी)को झण्डै ३० प्रतिशत हिस्सा ओगटेको विभिन्न अध्ययनहरूले देखाएको छ। यसरी आउने रेमिटचान्सको ठूलो हिस्सा खाडी राष्ट्रहरू, मलेसिया, कोरिया, जापानलगायतका मुलुकबाट आउने गरेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

चालु आर्थिक वर्षमा पनि रेमिटचान्स प्रवाह निरन्तर बढिरहेको छ। राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनामा साढे १० खर्ब रूपैयाँभन्दा बढी रेमिटचान्स भित्रिइसकेको छ। ग्रामीण क्षेत्रका धेरै परिवारको मूल आयस्रोत यही रेमिटचान्स रहेको छ।

क्रमशः पृष्ठ २ मा

## जसले पक्का गरे संसद् यात्रा



रञ्जु दर्शना न्यौपाने | राजुनाथ पाण्डे | शिशिर खनाल | विराजभक्त श्रेष्ठ



पुष्पकमल दाहाल | योगेश गौचन थकाली | टेकबहादुर गुरुङ | मोहन आचार्य

**काठमाडौं-१**
विजयीः **रञ्जु दर्शना न्यौपाने (रास्वपा)**- १५,४५५
प्रतिस्पर्धीः प्रवल थापा क्षेत्री (कांग्रेस)- ६,३६४

**काठमाडौं-३**
विजयीः **राजुनाथ पाण्डे (रास्वपा)**- १८,७५७
प्रतिस्पर्धीः कुलमान घिसिङ (उनेपा)- ११,१७१

**काठमाडौं-६**
विजयीः **शिशिर खनाल (रास्वपा)**- २७,७१९
प्रतिस्पर्धीः कृष्ण बानियाँ क्षेत्री (कांग्रेस)- ६,६४७

**काठमाडौं-८**
विजयीः **विराजभक्त श्रेष्ठ (रास्वपा)**- २४,५९२
प्रतिस्पर्धीः सुमन सायमी (नेकपा)- ३,२१७

**रूकुमपूर्व**
विजयीः **पुष्पकमल दाहाल (नेकपा)**- १०,२४०
प्रतिस्पर्धीः लीलामणि गौतम (एमाले)- ३,४६२

**मुस्ताङ**
विजयीः **योगेश गौचन थकाली (कांग्रेस)**- ३,३०७
प्रतिस्पर्धीः इन्द्रधार ढाङु विष्ट (एमाले)- १,८०३

**मनाङ**
विजयीः **टेकबहादुर गुरुङ (कांग्रेस)**- २,४१५
प्रतिस्पर्धीः यशोदा सुवेदी गुरूङ (नेकपा)- ४५४

**रसुवा**
विजयीः **मोहन आचार्य (कांग्रेस)**- १०,६५६
प्रतिस्पर्धीः वसन्त भट्ट (रास्वपा)- ५,५७१

क्रमशः पृष्ठ २ मा

# जसले पक्का गरे संसद् यात्रा



**काठमाडौं-७**
विजयी: **गणेश पराजुली (रास्वपा)**- २७,८०५
प्रतिस्पर्धी: **प्रमोदहरि गुरागाई (कांग्रेस)**- ३,९८२



**काठमाडौं-१०**
विजयी: **प्रदीप विष्ट (रास्वपा)**- ३७,४६१
प्रतिस्पर्धी: **हिमाल कार्की (कांग्रेस)**- ८,१००



**कास्की-३**
विजयी: **बिना गुरुङ (रास्वपा)**- ३७,७५०
प्रतिस्पर्धी: **मनोज गुरुङ (कांग्रेस)**- १२,७८०



**कालीकाट**
विजयी: **महेन्द्रबहादुर शाही (नेकपा)**- ११,३३८
प्रतिस्पर्धी: **नगीन्द्र शाही (एमाले)**- १०,३५

# मतगणना प्रक्रियालाई शान्तिपूर्ण बनाउन निर्देशन

**काठमाडौं (प्रस)**- प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रतिनिधिसभा सदस्यको जारी मतगणना प्रक्रियालाई शान्तिपूर्ण बनाउन उच्च मनोबलका साथ काम गर्न देशभरका प्रहरी कर्मचारीरूपलाई निर्देशन दिएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालयबाट 'भर्चुअल' माध्यमद्वारा प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदानपश्चात् अपनाउनुपर्ने सुरक्षा सतर्कता तथा समसामयिक विषयवस्तुमा शुक्रबार प्रहरी कर्मचारीहरूलाई निर्देशन दिएका हुन् ।

प्रहरी महानिरीक्षक कार्कीले प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान प्रक्रियालाई शान्तिपूर्ण, भयरहित एवं निष्पक्ष वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन सबै प्रहरी कर्मचारीहरूले उच्च मनोबलका एवं जिम्मेवारीबोधका साथ प्रदर्शन गरेको व्यावसायिकता प्रशंसनीय रहेको बताए ।

प्रहरी महानिरीक्षक कार्कीले मतगणनास्थलमा देखा पर्नसक्ने सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्न सूचना संकलनलाई विशेष प्राथमिकतामा राखी आवश्यक सुरक्षा रणनीतिसहित प्रभावकारी प्रहरी परिचालनमा विशेष सतर्कता अपनाउन निर्देशन दिए ।

मतगणनास्थल, मतगणनाको परिणाम एवं विजयी दलको ऱ्याली, जुलुसलगायतका क्रियाकलापमा कुनै पनि त्रुटि नहुने गरी थप संवेदनशील भई कार्य गर्नसमेत आग्रह गरेका छन् । उनले सामाजिक सञ्जालमा गलत सूचना तथा मिथ्या सूचना सम्प्रेषणमा संलग्नलाई कानुनी दायरामा ल्याउन थप सक्रिय रूपमा प्रस्तुत हुनुपर्नेमा जोड दिए ।

पृष्ठ १ बाट क्रमशः

## रास्वपा...

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले दुई स्थानमा जित हात पारेको छ । नेकपाका संयोजक पुष्पकमल दाहाल रुकुमपूर्वबाट भारी मतान्तरसहित निर्वाचित भएका छन् । नेकपाकै महेन्द्रबहादुर शाही कालीकोटबाट विजयी भएका छन् ।

यो समाचार तयार पार्दासम्म नेकपाले थप १० स्थानमा अग्रता कायम राखेको छ । खओली नेतृत्वको एमाले भने खाता खोल्न सकेको छैन । यो दलले तेह्रथुम, ओखलढुंगा, बाँकेलगायत १४ स्थानमा अग्रता कायम गरिरहेको छ । यद्यपि, धेरैजसो ठाउँमा रास्वपाका उम्मेदवाररूपसँग उछिनपाछिन गरिरहेको छ ।

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले छ स्थानमा अग्रता कायम गरिरहँदा साम्पाङ स्वयं भने रास्वपाका उम्मेदवारसँग पछि परेका छन् । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ काठमाडौं-३ मा रास्वपाका राजुनाथ पाण्डेसँग पराजित भएका छन् । घिसिङले ११ हजार १७१ मत ल्याउँदा पाण्डे १८ हजार ७५७ मतसहित विजयी भएका हुन् । घिसिङको गृहजिल्ला रामेछापमा भने उज्यालो नेपाल पार्टीका उम्मेदवारले अग्रता लिएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टी एक-एक स्थानमा अगाडि बढिरहेका छन् ।

■■■

## एकसाथ बढारिए...

कांग्रेसका चुनावी कमाण्डर बनेका उपसभापति विश्वप्रकाश शर्माले यो हारलाई स्वीकार गरेका छन् । उनले भने, 'यो परिणाम अनपेक्षित थिएन । ०७९ मै प्रस्तुत संकेतका दृष्टिले यो अप्रत्यासित होइन ।' मतदाताले 'सरकारको काम गराइ बदल, दल बदल, नत्र हाम्रो मन बदलिन्छ' भनेर स्पष्ट सन्देश दिए पनि पार्टीले आफूलाई अपेक्षित गतिमा बदल्न नसकेको शर्माको भनाइ छ । नागरिकको त्यही रुष्ट मनलाई मतमा बदल्ने मौका छोपेर नयाँ दलको जन्म भएको शर्माले प्रस्ट पारे । विशेष महाधिवशेनले नेतृत्व र नीति बदले आफ्नो नीति नागरिकसम्म पुऱ्याउन नसकेको उनको भनाइ थियो ।

यता एमालेले ओलीमाथि उठेको प्रश्नको नजरअन्दाज गर्दा यो अवस्था आएको एमाले नेता सुरेन्द्र पाण्डे बताउँछन् । 'जेन-जी आन्दोलनपछि एमाले अध्यक्ष केपी शर्मा ओलीमाथि प्रश्न उठेका थिए । ती प्रश्नको पार्टीका कमिटीरूपमा के कसरी हल गरिए ? अर्थात् ती प्रश्नलाई बेवास्ता गरिएका हुन् । नेतृत्वमाथि उठेका प्रश्नको हल नगरेरै अगाडि बढ्ने निर्णय घातक भयो,' पाण्डेले भने ।

यता आफू निर्वाचित भए पनि दलको प्रारम्भिक मत देखेर नेकपाका संयोजक दाहालले थोरै मत ल्यायो भन्दैमा हेप्न नपाउने चेतावनी दिएका छन् । 'कसैले पनि थोरै सिट ल्यायो भनेर प्रचण्डलाई हेप्ने दुस्साहस नगरुन् भनेर म खबरदारी गर्न चाहन्छु । जंगलमा सिंह हिँडिसकेपछि अरूको के हालत हुन्छ, त्यो हामी सबैलाई थाहा छ,' दाहालले भने ।

पूर्वप्रधानमन्त्रीरूपमा आफूमात्र निर्वाचित भएको दाबी गर्दै दाहालले एमाले र कांग्रेसलाई दुईतिहाइको अहंकार नगर्नूस् है गल्ती हुन्छ भनेर बारम्बार सम्झाउँदा पनि नमान्दाको परिणाम अहिले भोग्नुपरेको तर्क गरे । 'त्यही बेलामा मैले चुनौतीका साथ भनेको थिएँ संख्याले केही नापिँदैन । बंगलादेशमा एउटै पार्टीको दुईतिहाइ हुँदा पनि के हालत भयो देखिएकै छ,' उनले भने ।

■■■

## दलको नेतृत्वमध्ये...

औपचारिकरूपमा निर्वाचित घोषणा हुन बाँकी भए पनि सभापति लामिछानेले ३० हजार ८६५ मत पाउँदा उनका प्रतिद्वन्द्वी कांग्रेसकी मीना खरेलले आठ हजार ७४४ मत पाएकी छिन् । चितवन-२ को यो दौडमा एमालको अस्मिन घिमिरे पाँच हजार २९७ मतका साथ खरेलको पछिपछि छन् ।

यता प्रमुख दलका रूपमा लिएको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति गगन थापाको संसद् यात्रा भने अनिश्चित बनेको छ । यो समाचार तयार पार्दासम्मको मतपरिणामअनुसार झापा-५ मा रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले १६ हजार ९८० मत पाउँदा एमाले अध्यक्ष ओलीले तीन हजार ९७३ मतमात्र पाएका छन् । योसँगै ओलीको सदन यात्रा अनिश्चित बनेको हो । नेकपाका संयोजक दाहालले पूर्वप्रधानमन्त्रीरूपमा आफूमात्र निर्वाचन जित्न सफल भएको दाबी हेर्दा ओलीको हार निश्चित देखिन्छ ।

यता सुरक्षित क्षेत्र खोज्दै काठमाडौं-४ बाट सर्लाही-४ पुगेका कांग्रेस सभापति थापाको पनि यो पटकको सदन यात्रा अनिश्चित बनेको छ । पछिल्लो मतपरिणामअनुसार थापाले तीन हजार ६७१ मत पाउँदा रास्वपाका अमरेशकुमार सिंहले छ हजार २६४ मत पाएका छन् । यो क्षेत्रमा कांग्रेसले गगनले जित निकाल्ने दाबी गरेको छ भने रास्वपाले अमरेशको जित पक्का भएको ठोकुवा गरेको छ । मत अग्रता यहीअनुसार जाने हो भने सभापति थापाको सदन यात्रा यसपटक रोकिने छ । कांग्रेसले उनलाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सारेको थियो ।

उज्यालो नेपाल पार्टीका अध्यक्षको प्रतिनिधिसभामा जाने सपनामा 'ब्रेक' लागेको छ । काठमाडौं-३ बाट उम्मेदवार रहेका उनी रास्वपाका राजुनाथ पाण्डेसँग पराजित बनेका हुन् ।

पाण्डेले १८ हजार ७५७ मत पाउँदा घिसिङ ११ हजार १७१ मतमा सीमित बन्दै पराजित भए । घिसिङकै शैलीमा हालै नयाँ दल गठन गरेका श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङको सदन यात्रा पनि अनिश्चित बनेको छ । पछिल्लो मतपरिणामअनुसार साम्पाङ रास्वपाकी गोमा तामाङभन्दा पछाडि छन् । सुनसरी-१ बाट उम्मेदवार बनेकी रास्वपाकी गोमाले एक हजार ७५५ मत पाउँदा साम्पाङको ५७३ मात्र मत रहेको छ ।

यता मधेसवादी दलका नेतारूपको पनि जित अनिश्चित बनेको छ । लोकतान्त्रिक समाजवादी पार्टीसँग एकता गरी चुनावमा होमिएको जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव सप्तरी-३ मा रास्वपाका उम्मेदवारको पछिपछि छन् । यादवले दुई हजार ८२१ मत पाउँदा रास्वपाका अमरकान्त चौधरीले तीन हजार १७५ मत पाइसकेका छन् । यता २०७९ मा रास्वपासँग उदाएको दल जनमत पार्टीका अध्यक्ष सिके राउत सप्तरी-२ मा रास्वपाका उम्मेदवार रामजी यादवको पछिपछि छन् । यादवले दुई हजार ७५५ मत पाउँदा राउतले एक हजार २२७ मत पाएका छन् ।

यता झापा-३ बाट उम्मेदवार रहेका राप्रपा अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन रास्वपाका प्रकाश पाठकभन्दा निकै पछाडि छन् । पाठकले १३ हजार ८४९ पाउँदा लिङ्देनले छ हजार ३०० मतमात्र पाएका छन् ।

■■■

## रास्वपा नेतृत्वको...

उक्त रकमबाट घर बनाउने, सन्तानको शिक्षादीक्षा, स्वास्थ्य उपचार र दैनिकी धानिरहेको अवस्था छ । रोजगारीमा जानेहरूले पठाउने गरेको रकमले नै अर्थतन्त्र चलायमान छ । व्यापार घाटा उच्च हुँदाहुँदै पनि रेमिटयान्सले विदेशी मुद्राको सञ्चिति राम्रो हुँदा भुक्तानी सन्तुलन कायम रहेको बताइन्छ । यद्यपि, यसमाथिको निर्भरता कालन्तरमा मुलुकका लागि जोखिमपूर्ण हुनसक्ने विज्ञको भनाइ छ ।

एकातिर रेमिटयान्सले स्थिर राख्न सहयोग पुऱ्याइरहँदा अर्कोतिर विदेश गएका युवाहरू मतदानबाट वञ्चित हुनुपरेको अवस्था छ । विदेसिनुपर्ने बाध्यताका कारण मुलुकमा हुने विभिन्न महत्त्वपूर्ण गतिविधिबाट सहभागी हुन नपाएको अवस्था छ । साथै, मुलुकको विकासका लागि प्रयोग हुनुपर्ने ज्ञान, सीप र सिर्जनशीलता अन्य मुलुकमा अवसर खोज्न बाध्य छ । यसै कारण यसपटकको चुनावी बहसमा पनि मुलुकभित्रै रोजगारी सिर्जना गरेर बाध्यात्मक वैदेशिक रोजगारीलाई न्यून बनाउने विषय महत्त्वपूर्ण बनेको थियो । रेमिटयान्सलाई तत्कालको आवश्यकता पूर्ति गर्ने स्रोतभन्दा पनि कसरी दीर्घकालीन आर्थिक विकास हासिल गर्ने भन्ने महत्त्वपूर्ण बन्न थालेको छ । यसका लागि उद्योग, पर्यटन, कृषिलगायतका क्षेत्रमा लगानी बनाएर रोजगारी सिर्जना गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिँदै आएका छन् ।

### मुलुकमै रोजगारी दिने वाचा

बिहीबार सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनको मत परिणाम सार्वजनिक भइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले स्पष्ट बहुमत ल्याएर सरकार बनाउने संकेत देखाएको छ । विगतको परिपाटी हेर्दा गठबन्धनको सरकार बन्ने र बनेको सरकारले पूरा कार्यकाल काम गर्न नपाउँदा चुनावमा गरेका प्रतिबद्धता पूरा गर्न नपाएको दाबी दलहरूले गर्ने गरेका थिए । उक्त प्रवृत्तिबाट आजित भएका नागरिकले यसपटक रास्वपाको काम हेर्न चाहेको देखिन्छ ।


एकलौटी सरकार बनाउने निश्चितजस्तै देखिएको रास्वपाले मुलुकमा देखिएको रोजगारीको समस्या र पलायन हुने प्रवृत्तिलाई नियन्त्रण गर्ने वाचालाई प्राथमिकताका साथ उठाएको छ । रास्वपाले आगामी पाँच वर्षमा २५ लाख रोजगारी सिर्जना गर्ने दाबी गरेको छ । मुलुकको हालको अवस्था हेर्दा उक्त लक्ष्य महत्त्वकांक्षी भए पनि असम्भव भने नभएको विज्ञको टिप्पणी छ ।

रास्वपाले 'नीतिगत प्रस्थानका १०० आधार' भन्दै सार्वजनिक गरेको वाचापत्रमा प्रवासमा रहेका नेपालीलाई देशको आर्थिक रूपान्तरणको मुख्य आधार स्तम्भको रूपमा हेर्ने दाबी गरेको छ । श्रमलाई सस्तो नभई सम्मानजनक मानव पुँजीको रूपमा स्थापित गर्दै सुरक्षित, मर्यादित र न्यायपूर्ण श्रमबजार निर्माण गर्न व्यापक सुधार ल्याउने योजना बनाएको छ ।

यतिबेलाको मतको रुझान हेर्दा नागरिकको आशाको केन्द्र बनेको उक्त पार्टीले नेपालमै बसेर विदेशी रोजगारदाताकोमा काम गर्न सक्ने प्रबन्ध मिलाउने कार्यक्रमसमेत अघि सारेको छ । विश्वव्यापी श्रमबजारमा आएको परिवर्तनलाई आत्मसात् गर्दै नेपालमै बसेर विदेशी रोजगारदाता, कम्पनी वा निकायमा लागि काम गर्न कानुनी तथा नीतिगत प्रबन्ध मिलाउने, श्रम ऐन तथा सम्बन्धित कानुनमा संशोधन गरी रिमोट वर्क, डिजिटल रोजगारी तथा सीमापार सेवा निर्यातलाई वैधानिक मान्यता दिने भनेको छ । यदि यस्ता कार्यक्रम कार्यन्वयनमा ल्याउन सके काम गर्नकै लागि अन्य मुलुक जानुपर्ने बाध्यताको अन्त्य हुने जानकारहरू बताउँछन् ।

■■■

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, २३ फागुन, २०८२

| | |
|---|---|
| मेष | मनमा ग्लानी उत्पन्न हुन सक्छ । गलत सङ्गतबाट जोगिनु राम्रो हुन्छ । |
| वृष | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| मिथुन | अनिर्णयको बन्धी हुन सकिन्छ । आफुभन्दा ठुलाको कुरा सुनेर कार्य गर्नुहोला । |
| कर्कट | अहंकार बढेर जान सक्छ । बोल्नु भन्दा सुन्नु राम्रो हुन्छ । |
| सिंह | दौडधुप बढ्नेछ । इष्टमित्रको साथ सहयोग प्राप्त हुनेछ । |
| कन्या | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| तुला | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ । |
| वृश्चिक | पुराना कुरा र पुराना सम्बन्धले मन व्यथित बन्नेछ । काममा मन जानेछैन । |
| धनु | मन उदास रहनेछ । विश्वासपात्रबाट धोका मिल्न सक्छ । |
| मकर | अनावश्यक चिन्ताले सताउनेछ । काममा ढिला सुस्ती हुनेछ । |
| कुम्भ | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| मीन | आत्मविश्वासमा कमि आउन सक्छ । सोचेर अघि बढ्नु उचित हुन्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२३ फागुन, २०८२ (०७ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.२७ | १४५.८७ |
| युरो | १ को | १७१.६२ | १७२.३३ |
| पाउन्ड स्टिर्लङ | १ को | १९५.९० | १९६.७१ |
| स्विस फ्रैन्क | १ को | १८८.९४ | १८९.७२ |
| अस्ट्रेलियन डलर | १ को | १०३.३७ | १०३.८० |
| क्यानाडियन डलर | १ को | १०६.४७ | १०६.९१ |
| सिङगापुर डलर | १ को | ११४.८४ | ११५.३१ |
| जापानी येन | १० को | ९.३१ | ९.३५ |
| चिनियाँ युआन | १ को | २१.१८ | २१.२७ |
| साउदी अरब रियाल | १ को | ३८.७३ | ३८.८९ |
| कतारी रियाल | १ को | ३९.८५ | ४०.०२ |
| थाई भाट | ख १ को | ४.६८ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५५ | ३९.७१ |
| मलेसियन रिङेट | १ को | ३७.३३ | ३७.४९ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १६.०९ | १६.१५ |
| डेनिस क्रोनर | १ को | २२.९७ | २३.०६ |
| हङकङ डलर | १ को | १८.५७ | १८.६५ |
| कुवेती दिनार | १ को | ४७५.५२ | ४७७.४८ |
| बहराइन दिनार | १ को | ३८५.२९ | ३८६.८८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा निर्वाचन उत्सव






















१) भोजपुरमा प्रतिनिधिसभा सदस्य पदका लागि भएको निर्वाचनको मतगणना गर्दै गणकहरु ।
२) कास्की निर्वाचन क्षेत्र नं २ मतगणनास्थलबाहिर मतपरिणाम सुन्न आएका सर्वसाधारणको भीड ।
३) सुनसरीको इनरूवा नगरपालिका-१ स्थित भगवती माध्यमिक विद्यालयमा रहेको क्षेत्र नम्बर-२ को मतगणनास्थलमा शुक्रबार मतगणना गर्दै कर्मचारी ।
४) पोखरा महानगरपालिका-१२ स्थित वडा कार्यालय शीतलादेवीमा कास्की निर्वाचन क्षेत्र नं. १ को मतगणना गरिँदै ।
५) प्रतिनिधिसभा सदस्य निर्वाचनमा मुस्ताङबाट नेपाली कांग्रेसका उम्मेदवार योगेश गौचन थकाली विजयी भएपछि खुसियाली मनाउँदै ।
६) र ७) काठमाडौंको निर्वाचन क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट प्रतिनिधिसभा सदस्यमा रञ्जु दर्शना न्यौपाने निर्वाचित भएपछि नयाँबानेश्वरस्थित क्षेत्र नं. १ को निर्वाचन अधिकृतको कार्यालय बाहिर झण्डासहित रहेका रास्वपा नेता कार्यकर्ता खुसी साटासाट गर्दै ।
८) प्रतिनिधिसभा सदस्य निर्वाचनमा रूकुम पूर्वबाट विजयी भएपछि नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ।
९) लमजुङको बेसीसहर नगरपालिका-८ स्थित जिल्ला समन्वय समिति लमजुङको सभाहलमा रहेको मतगणनास्थलमा शुक्रबार मतगणना गर्दै कर्मचारी ।
१०) नवलपुरको निर्वाचन क्षेत्र नम्बर १ को मतगणना गर्दै गणकहरु ।

*तस्बिरहरुः रासस*

# पर्यटकीय गन्तव्य बन्दै 'तपस्याधाम'

**झापा–** मेचीनगर-१० धुलाबारीमा नवनिर्मित 'तपस्याधाम' आध्यात्मिक पर्यटनको नयाँ गन्तव्य बनेको छ । पूर्वपश्चिम राजमार्गको धुलाबारी मोडबाट डेढ किलोमिटर उत्तर लीलाबस्तीमा १३ करोड रूपैयाँको लागतमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले धामको निर्माण गरेको हो ।

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मा र उनका दाजु राज्यप्रकाश शर्माले स्वर्गीय मातापिता पर्शुराम शर्मा र सावित्रादेवीको स्मृतिमा निःशुल्क प्रदान गरेको पाँच कट्ठा जग्गामा धामको आकर्षक संरचना निर्माण भएका छन् । धामकी सञ्चालिका एवं बह्माकुमारी राजयोग सेवा केन्द्र धुलाबारीकी प्रमुख अनुसा दिदीका अनुसार तपस्याधाममा ध्यान कक्ष, तपस्यास्थल, प्रजापिता ब्रह्मा बाबाको स्मारक, आवास कक्ष र सेमिनार हल निर्माण गरिएका छन् ।



राजयोग र ध्यानका माध्यमबाट मानसिक तनाव कम गर्न र आध्यात्मिक ज्ञान प्राप्त गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई सुविधा पुऱ्याउन धामको निर्माण गरिएको उनले बताइन् । भारतको राजस्थानस्थित माउन्ट आबुमा रहेको ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयको अन्तर्राष्ट्रिय मुख्यालयमा रहेका महत्त्वपूर्ण संरचनाहरूको प्रतिकृति यस धाममा पाइने भएकाले भारत र नेपालका आध्यात्मिक पर्यटकलाई यसले आकर्षित गर्ने अपेक्षा गरिएको उनको भनाइ छ ।

माउन्ट आबुकी राजयोगिनी उषा दिदी र ब्रह्माकुमारी राजयोग सेवा नेपालकी प्रमुख डा. राज दिदीलगायतले हालै तपस्याधामको अवलोकन गरेका थिए । जग्गादातासमेत रहेका कांग्रेस उपसभापति शर्माले मातापिताको स्मृतिलाई जीवन्त राख्न र शान्ति प्रवर्द्धनका लागि समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्ने उद्देश्यले आफ्नो परिवारले जग्गादान गरेको बताए । *रासस*

## वन क्षेत्रका लागि जेसी योजना

# लाभ बाँडफाँटमा ३५ प्रतिशत महिला अनिवार्य

प्रगति ढकाल/काठमाडौं

वन तथा वातावरण क्षेत्रको लैंगिक समानता, अपांगतामैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक भएको छ। वन तथा वातावरण मन्त्रालयले वन र वातावरण क्षेत्रलाई लैंगिक समानतायुक्त, अपांगतामैत्री र सामाजिक रूपमा समावेशी बनाउने उद्देश्यसहित जेसी रणनीति तथा कार्ययोजना ल्याएको हो।

एकदशक अवधिका लागि तयार गरिएको उक्त रणनीति तथा कार्ययोजनाले संघ, प्रदेश र स्थानीय तहअन्तर्गतका सरकारी निकाय, सामुदायिक संस्था, निजी क्षेत्र तथा विकास साझेदारलाई नीतिगत र संस्थागतरूपमा समावेशी तथा उत्तरदायी बनाउने लक्ष्य लिएको छ। वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा ३५ प्रतिशत हिस्सा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको सीप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने रणनीति तथा कार्ययोजनाको उद्देश्य रहेको छ।

यसैगरी, वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा १५ प्रतिशत हिस्सा दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति, मधेसीलगायत सीमान्तकृत समुदायको सीप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने योजना पनि रणनीतिमा लिपिबद्ध गराइएको छ।

रणनीतिअनुसार वन, वातावरण, जैविक विविधता तथा जलाधार क्षेत्रसँग सम्बन्धित विद्यमान नीति, ऐन, नियमावली र निर्देशिकालाई लैंगिक तथा सामाजिक समावेशी दृष्टिकोणबाट पुनरावलोकन गरिने छ। सबै निकायले जेसी सुनिश्चित गर्ने कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ। यसैगरी, संस्थागत संरचनामा निर्णायक पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने, कर्मचारी नियुक्तिमा समावेशी सिद्धान्त लागू गर्ने तथा वञ्चित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रावधान रणनीतिमा समेटिएको छ।

सामुदायिक वन उपभोक्ता समूह तथा अन्य समुदायमा आधारित समितिमा नेतृत्वदायी पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिएको छ। अध्यक्ष वा सचिव तथा उपाध्यक्ष वा कोषाध्यक्षमध्ये अनिवार्य रूपमा महिला प्रतिनिधित्व रहने उल्लेख छ। महिलाको नेतृत्व विकास, कार्यबोझ न्यूनीकरण तथा लैंगिक भूमिका परिवर्तनका लागि सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरिने र लाभग्राहीको तथ्यांक लैंगिक र सामाजिक आधारमा खण्डीकृतरूपमा व्यवस्थापन गरिने रणनीति छ। यसैगरी सम्पन्नता स्तरीकरण र सामाजिक विश्लेषणका आधारमा सीमान्तकृत समुदायलाई बीउ पुँजी उपलब्ध गराई वनमा आधारित उद्यम प्रवर्द्धन गरिने योजना छ।

### कार्यस्थलमा शून्य सहनशीलता

रणनीतिले वन तथा वातावरण क्षेत्रका सबै सरकारी, गैरसरकारी, सामुदायिक र निजी संस्थामा लैंगिक हिंसा तथा यौनजन्य दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने स्पष्ट गरेको छ। प्रत्येक संस्थामा आन्तरिक उजुरी समिति गठन गरी लैंगिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरिने रणनीतिमा उल्लेख छ। यौनजन्य दुर्व्यवहार (निवारण)सम्बन्धी कानुन तथा आचारसंहितासम्बन्धी अनिवार्य तालिम सञ्चालन गरिने पनि उल्लेख छ।

> “ निर्णय प्रक्रियामा ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुँदा महिलाले वन तथा प्राकृतिक स्रोतको उपयोग, आयआर्जन र बजेट विनियोजनमा आफ्ना आवश्यकता र प्राथमिकताअनुसार प्रभाव पार्न सक्ने छ । स्रोत तथा लाभको न्यायोचित बाँडफाँट, परम्परागत ज्ञान र सीपको प्रवर्द्धन तथा बजारसँग जोड्ने पहलले महिलाको आय र आत्मनिर्भरता वृद्धि हुने छ ।
>
> **मञ्जु घिमिरे सुवेदी**
> लैंगिक सम्पर्क व्यक्ति, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र

> समावेशी नीति कार्यान्वयनमा रूपान्तरण भएमात्रै वन व्यवस्थापनमा वास्तविक परिवर्तन देखिन्छ । अब रणनीतिलाई व्यवहारमा उतार्ने समय आएको छ ।
>
> **सुनिता उलक**
> महासचिव, नेपाल वन प्राविधिक संघ

### लैंगिक तथा अपांगतामैत्री पूर्वाधारमा जोड

कार्यालय, आवास, शौचालय तथा अन्य पूर्वाधार निर्माण गर्दा महिला, यौनिक अल्पसंख्यक र अपांगमैत्री सुविधा सुनिश्चित गरिने लक्ष्य राखिएको छ। रणनीतिमा स्तनपान कक्ष, शिशु स्याहार कक्ष र महिनावारीमैत्री शौचालय व्यवस्थापनलाई प्राथमिकता दिइएको छ।

### अनुगमन र कार्यान्वयन

रणनीति कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको जिम्मेवारी सम्बन्धित मन्त्रालयले बहन गर्ने छ। प्रत्येक पाँच वर्षमा समीक्षा तथा आवश्यक परिमार्जन गरिने छ। कार्यान्वयनका लागि संघ, प्रदेश, स्थानीय तह तथा वन उपभोक्ता समूहले बजेट व्यवस्था गर्ने तथा आवश्यक परे विकास साझेदारसँग सहकार्य गरिने जनाइएको छ। नयाँ रणनीतिले आगामी दशकमा वन तथा वातावरण क्षेत्रलाई समावेशी, सुरक्षित र न्यायोचित बनाउने अपेक्षा गरिएको छ।

### ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रकी लैंगिक सम्पर्क व्यक्ति मञ्जु घिमिरे सुवेदीले जेसी रणनीतिले ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको बताइन्। 'निर्णय प्रक्रियामा ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुँदा महिलाले वन तथा प्राकृतिक स्रोतको उपयोग, आयआर्जन र बजेट विनियोजनमा आफ्ना आवश्यकता र प्राथमिकताअनुसार प्रभाव पार्न सक्ने छ,' उनले भनिन्, 'स्रोत तथा लाभको न्यायोचित बाँडफाँट, परम्परागत ज्ञान र सीपको प्रवर्द्धन तथा बजारसँग जोड्ने पहलले महिलाको आय र आत्मनिर्भरता वृद्धि हुने छ।'

उनले वर्तमान सन्दर्भमा वन विज्ञान अध्ययान गर्ने महिला विद्यार्थी र विभिन्न सरकारी तथा गैरसरकारी तहमा महिलाको प्रतिनिधित्व बढ्दो क्रममा रहेका सन्दर्भमा जेसीको नयाँ रणनीति ल्याइएको जानकारी दिइन्। सीमान्तकृत समुदायभित्रका एकल महिला, अपांगता भएका महिलालगायत सबैभन्दा पछि परेका समूहसम्म लाभ पुग्ने सुनिश्चितताका लागि समानुपातिक समावेशी प्रतिनिधित्व अनिवार्य गरिएको घिमिरेको भनाइ छ।

लक्षित कार्यक्रम र बजेट विनियोजनमार्फत विशेष अवसर प्रदान गरिने, जेसी एकाइ तथा अनुगमन संयन्त्रमार्फत कार्यान्वयनको निगरानी गरिने उनले बताइन्। साथै, विभेदविरुद्ध शून्य सहनशीलता नीति र अपांगमैत्री पूर्वाधार व्यवस्थाले सुरक्षित र पहुँचयोग्य वातावरण निर्माण गर्ने अपेक्षा गरिएको घिमिरेले जानकारी दिइन्। सुरक्षित र विभेदरहित कार्य वातावरणले सहभागिता र उत्पादकत्व बढाउने घिमिरेको भनाइ छ। उनका अनुसार रणनीति निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति तथा यौनिक अल्पसंख्यकको उल्लेखनीय सहभागिता थियो।



जेमिनाईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर

### 'रणनीति सकारात्मक, तर प्रभावकारी कार्यान्वयनको आवश्यकता'

नेपाल वन प्राविधिक संघ (एनएफ) की महासचिव सुनिता उलकले वन तथा वातावरण क्षेत्रको लैंगिक समानता, अपांगतामैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक हुनु सकारात्मक कदम भएको टिप्पणी गरेकी छन्।

'वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा महिला, आदिवासी जनजाति, दलित, मधेसी, अपांगता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको भूमिका महत्वपूर्ण रहे पनि निर्णय प्रक्रिया र स्रोतसाधनमा पहुँच अझै समतामूलक हुन सकेको छैन,' उनले भनिन्, 'यस रणनीतिले नीतिगत, संस्थागत तथा कार्यान्वयन तहमा समावेशीकरणलाई मूल प्रवाहीकरण गर्ने स्पष्ट दिशा दिएको छ।'

> “ सामुदायिक वन उपभोक्ता समूह तथा अन्य समुदायमा आधारित समितिमा नेतृत्वदायी पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । अध्यक्ष वा सचिव तथा उपाध्यक्ष वा कोषाध्यक्षमध्ये अनिवार्य रूपमा महिला प्रतिनिधित्व रहने उल्लेख छ ।

यसको प्रभावकारिता प्रभावकारी कार्यान्वयन, पर्याप्त स्रोत व्यवस्थापन, नियमित अनुगमन र सबै तहका सरोकारवालाको प्रतिबद्धतामा निर्भर रहने उनको भनाइ छ। महासचिव उलकले रणनीति कागजमै सीमित नराखी व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा जोडसमेत दिइन्। 'समावेशी नीति कार्यान्वयनमा रूपान्तरण भएमात्रै वन व्यवस्थापनमा वास्तविक परिवर्तन देखिन्छ,' उनले भनिन्, 'अब रणनीतिलाई व्यवहारमा उतार्ने समय आएको छ।' उलकले संघ वनकर्मीको सञ्जालका रूपमा रणनीतिको सफल कार्यान्वयनका लागि प्राविधिक सहयोग, सचेतना अभिवृद्धि तथा संस्थागत सुदृढीकरणमा सहकार्य गर्न प्रतिबद्ध रहेको जानकारी दिइन्।

### सामुदायिक वनमा महिलाको राम्रो सहभागिताले नेतृत्व र रोजगारीमा प्रभाव

सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) की महासचिव पार्वता गौतमले जेसी रणनीति राम्रो भएको उल्लेख गर्दै प्रभावकारीरूपमा व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिइन्। 'सामुदायिक वनबाट प्राप्त आम्दानी महिलाको क्षमता वृद्धि, वन उद्यममा लगानी, रोजगारी सिर्जना र नेतृत्व विकासमा प्रयोग हुँदै आएको छ,' गौतमले भनिन्, 'सामुदायिक वन समूह नीतिगतरूपमा महिलाको सहभागितालाई केन्द्रमा राखेर काम गर्दै आएको छ। प्राप्त रकम महिलाको क्षमता विकास, तालिम सञ्चालन, विपन्न वर्गमा लगानी र जीविकोपार्जन सुधारमा खर्च भइरहेको छ र महिलाको नेतृत्व र समावेशी सहभागिता सुनिश्चित गर्न प्रभावकारी कार्यान्वयन अपरिहार्य छ।'

उनले विभिन्न सामुदायिक वन उपभोक्ता समूहमा पैसा भए पनि त्यसलाई कहाँ र कसरी खर्च गर्ने भन्ने स्पष्ट मार्गनिर्देशन नभएको भन्दै नीतिको प्रभावकारी कार्यान्वयनका लागि सदस्यलाई सचेत गराउने काम पनि भइरहेको बताइन्। *रासस*

# सत्कारले लोभिन्छन् घरबासका पाहुना

**गलकोट (बागलुङ)–** साँझमा घरधन्दा सकेका घरबास सञ्चालकहरू सयपत्री फूलको माला हातमा लिएर दैलोमा उभिएका थिए। गाउँघरको खेतीपाती, घरधन्दा सकेर आराम गर्ने साँझमा पाहुनालाई स्वागत सत्कारमै व्यस्त हुन्छन् बागलुङको भकुण्डेस्थित अतिथि सत्कार घरबासका सञ्चालक।

बागलुङ बजारमा जन्मिएर कर्मथलो अमेरिका बनाउँदै आएकी अनुसिया श्रेष्ठ पहिलोपटक घरबास पुग्दा स्वागत र सत्कारले दंग परेकी थिइन्। बागलुङकै पहिलो सामुदायिक घरबासमा पुगेकी श्रेष्ठलाई साँझ सयपत्री फूलको मालाले स्वागत गरियो भने भोलिपल्ट लालीगुराँस फूल दिएर बिदाइ गरेको क्षणले मन लोभ्याएको बताउँछिन्।

'गाउँघरको रमाइलो पल, अर्ग्यानिक खानाका परिकार, फूलमालाको स्वागत तथा लालीगुराँसको बिदाइ, बिहानै मूलाबारी भ्युप्वाइन्टको सूर्योदयले मन लोभ्यायो,' श्रेष्ठले भनिन्, '३३ वर्ष अमेरिका बसेँ, नेपालजस्तो आनन्द अन्त छैन, घरबासमा आउने सडक भने सुधार गर्न आवश्यक देखिएको छ, गुन्द्रुक, कोदोको रक्सी, कोदोको ढिडोसँगै अर्ग्यानिक खानाका परिकारले अमेरिका नै भुलायो मलाई।' लालीगुराँस भनेपछि आन्तरिक र बाहृय पर्यटक हुरुक्कै भएपछि यहाँका घरबास (होमस्टे)ले पर्यटकको स्वागत सत्कारमा लालीगुराँस फूलको प्रयोग गर्न थालेपछि पाहुनाहरू मोहित भएका छन्।

> “ भकुण्डेमा पछिल्लो समय इटाली, न्युजिल्याण्ड, जापान, अस्ट्रेलिया, कोरियालगायत देशबाट पनि पर्यटक आउन थालेका छन् । मिलेको भूबनोट, भकुण्डेबाट देखिने एक दर्जन बढी हिमशृंखला, मगर कला, संस्कृति भकुण्डेको पहिचान नै बनेको छ ।

पछिल्लो समय पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको बागलुङ नगरपालिका-१० स्थित पर्यटकीय गाउँ भकुण्डे घरबासमा पुग्ने पाहुनालाई त्यहाँको स्वागत सत्कारले निकै आकर्षित गर्ने गरेको छ। भकुण्डेको वनमा ढपक्कै फुलेको लालीगुराँस फूल टिपेर त्यहाँका स्थानीयले घरबासमा आउने पाहुनालाई स्वागत गर्ने गरेका छन्। बजारमा लालीगुराँस नदेखेका पर्यटकलाई राष्ट्रिय फूल लालीगुराँसले पर्यटकलाई थप मोहित पार्ने भन्दै चैत-वैशाखमा लालीगुराँसले स्वागत गर्ने गरेको घरबासका सञ्चालक बताउँछन्।



जिल्लामै पहिलोपटक २०६८ सालमा घरबासको स्थापना गरेका भकुण्डे गाउँका स्थानीय अहिले घरबासमा आउने पाहुनालाई रिझाउन व्यस्त हुने गरेका अतिथि सत्कार घरबासकी सञ्चालक अप्सरा थापा बताउँछिन्। मगर समुदायको बस्ती भएको भकुण्डे गाउँमा मगर समुदायको संस्कृति तथा विभिन्न पर्यटकीयस्थल, मूलाबारी दृश्यावलोकन स्तम्भ, बराह ताल, हीराताल हेर्नका लागि आन्तरिक तथा बाहृय पर्यटक भकुण्डे आउने गरेका छन्। भकुण्डेमा हाल नौ घरमा घरबास कार्यक्रम सञ्चालन भइरहेको छ।

'सुरुमा पाहुनालाई कसरी स्वागत, सत्कार गर्ने भन्ने ज्ञान थिएन,' थापाले भनिन्, 'अहिले घरबास व्यवस्थापनसम्बन्धी तालिम प्राप्त भइसकेपछि धेरै कुराको ज्ञान भयो,' थापाले मौसमअनुसार फुलेका फूलमध्ये पाहुनाले लालीगुराँस अत्यधिक रुचाउने गरेका कारण वनमा गएर स्वागतका लागि लालीगुराँस ल्याउने गरेको बताइन्।

घरबासमा आउने पाहुनालाई आकर्षित गर्न यहाँका समुदायले भकुण्डे जनजाति संग्रहालयसमेत स्थापना गरेका छन्। बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारदेखि तीन घण्टाको पैदल तथा समुद्री सतहदेखि दुई हजार १५० मिटरको उचाइमा रहेको चारतले पक्की दृश्यावलोकन स्तम्भ निर्माणसँगै घसबासमा बसेर बिहानै सूर्योदय हेर्न आउने पर्यटक वृद्धि हुन थालेको वडाध्यक्ष प्रेम थापाले बताए।

यहाँको स्वागतसँगै स्थानीय खाना, मूला, आलु, सिन्की, लोकल कोदोको रक्सी, मकै, कोदो, भटमासलगायतका स्वादिष्ट परिकारले मनै लोभ्याएको घरबास पुगेकी पर्यटक करिष्मा क्षेत्रीले बताइन्। पर्यटक स्वागतमा सयपत्री फूलको माला तथा बिदाइमा लालीगुराँसको फूल उपहारस्वरूप प्रदान गरिने घरबास सञ्चालक यामबहादुर थापाले बताए।

भकुण्डेमा पछिल्लो समय इटाली, न्युजिल्याण्ड, जापान, अस्ट्रेलिया, कोरियालगायत देशबाट पनि पर्यटक आउन थालेका छन्। मिलेको भूबनोट, भकुण्डेबाट देखिने एक दर्जन बढी हिमशृंखला, मगर कला, संस्कृति भकुण्डेको पहिचान नै बनेको छ। बागलुङ नगरका पर्यटकीय क्षेत्रलाई उजागर गर्न बागलुङ नगर पर्यटन विकास समितिले पत्रकार र निजी क्षेत्रलाई हालै भकुण्डे घरबाससमेत पुऱ्याएको नगर उपप्रमुख तथा नगर पर्यटन विकास समितिका संयोजक राजु खड्काले जानकारी दिए। *रासस*




बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा खसेको मत गणनाका लागि उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकास्थित छेकम्पार र चुम्चेतको मतपेटिका हेलिकप्टरबाट शुक्रबार गोरखाको सदरमुकाम ल्याइँदै (बाँया) र धनुषाधाममा निर्वाचन क्षेत्र नं ४ को मतगणना गरिँदै । *तस्बिरः रासस*

# मोहना नदीमा 'बिगबोल्डर' तटबन्ध निर्माणपछि स्थानीयलाई राहत

**टीकापुर (कैलाली)**– कैलालीको टीकापुर नगरपालिका-९ खक्रौलास्थित मोहना नदीमा तटबन्ध निर्माण गरिएको छ । यहाँ ठूला ढुंगाको प्रयोग (बिगबोल्डर) गरी ६८० मिटर लामो तटबन्ध निर्माण गरिएको हो ।



सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कञ्चनपुरले यहाँ तटबन्ध निर्माण गरेपछि वर्षौंदेखि नदी कटानको त्रासमा रहेका नागरिकले राहत महसुस गरेका छन् । आयोजनाका इञ्जिनियर उत्तम सुवेदीले भ्याटसहित चार करोड ११ लाख रूपैयाँको लागतमा तटबन्ध निर्माण गरिएको र यसले नदी कटान नियन्त्रणमा सघाउ पुगेको बताए । यसअघि नदीको कटानले नेपाल-भारत सीमामा रहेको १०५ नम्बर सीमास्तम्भसमेत जोखिममा परेको थियो ।

तटबन्ध निर्माणपछि तटीय क्षेत्रमा बसोबास गर्ने दुई दर्जनभन्दा बढी परिवारले राहत महसुस गरेका स्थानीय खडग धामीले बताए । 'वर्षौंदेखि नदी कटानको जोखिम भोग्दै आएका थियौं । बर्खायाममा कतिबेला घर बगाउने हो भन्ने त्रास हुन्थ्यो, सयौं बिघा जमिन कटान गरेपछि कतिपय परिवार विस्थापित भइसकेका छन् । अब त्यसबाट जोगिने आशा जागेको छ,' उनले भने ।

यहाँ कतिपय परिवारको हातमा लालपुर्जा छ, तर जमिन छैन । ती परिवारको खेतीयोग्य जमिन नदी तथा बगरमा परिणत भएको छ । धामीले भने, 'यो तटबन्ध पाँच वर्षअघि निर्माण भएको भए धेरै परिवार विस्थापित हुनुपर्ने थिएन । यसबारे पटक-पटक मन्त्रालय र नेताहरूलाई पनि भन्यौं । अन्तिममा हाम्रो मागको सुनुवाइ भई तटबन्ध बनेको छ । यसले थप जोखिमबाट जोगिएका छौं ।'

यहाँ गत आर्थिक वर्षको बजेटबाट तटबन्ध निर्माण गरिएको हो । स्थानीय रणसिंह धामीले तटबन्ध निर्माणपछि अब थप जोखिम नहुने आशा जागेको बताए । 'नदीले कटान गरेर दुःख दिइरहेको थियो, बर्खा लागेपछि त ढुक्क भएर निदाउन पनि पाइने अवस्था थिएन । तटबन्ध बनेपछि त्यसबाट राहत मिलेको छ,' उनले भने ।

पूर्वसांसद न्यौपानेले तटबन्ध निर्माणपछि मोहना नदीले कटान गरेर बर्सेनि दिँदै आएको पीडाबाट ठूलो राहत भएको बताए । 'बर्खायाममामात्रै होइन, सुक्खायाममा पनि नदीले कटान गर्ने गरेको थियो, जनता त्रासमा थिए । हामी पनि यही क्षेत्रको प्रतिनिधि भएकामा तटबन्ध निर्माणका लागि निकै दबाबमा थियौं,' उनले भने, 'सबैको पहलपछि यहाँ तटबन्ध निर्माण भएको छ । सरकारले जनता पीडा र हाम्रो आवाजको सुनुवाइ गरेकामा खुसी लागेको छ ।'

सुदूरपश्चिम प्रदेश सरकारका पूर्वमन्त्री डा. रणबहादुर रावलले तटबन्धमा ढिलाइ हुँदा धेरैले जमिन गुमाएको र अब भने त्यो जोखिम नदोहोरिने विश्वास व्यक्त गरे । 'सरकारले कर्णाली र मोहना नदीमा तटबन्ध गरे पनि यहाँको केही भागमा बाँकी थियो, जसले गर्दा नदी छेउका धेरै नागरिकको जमिन कटान भयो । ढिलै भए पनि हामी सबैको पहलले समस्या समाधानका लागि तटबन्ध निर्माण भएको छ,' उनले भने । मोहना नदी कटानले नेपाली भूभाग भारततर्फ गएको छ । आफ्नो जमिन नदीपारि भारततर्फ गएपछि यहाँका नागरिकले त्यहाँ गएर खेतीपाती गर्न सकेका छैनन् । *रासस*

# उत्तरगंगा नदीमा छानोसहितको साँघु निर्माण



**ढोरपाटन (बागलुङ)**– ढोरपाटन नगरपालिकाले उत्तरगंगा नदीमा छानोसहितको साँघु निर्माण गरेको छ । पर्यटक र स्थानीयलाई वारपार गर्न सहज होस् भन्दै नगरपालिकाले साँघु निर्माण गरेको हो ।

हरेक वर्षात्को समयमा उत्तरगंगामा पानीको बहाव बढ्ने हुँदा ढोरपाटन बराह मन्दिर क्षेत्रदेखि पारिपट्टिको सेलपाखे, सिकार आरक्ष कार्यालय क्षेत्रलगायत ठाउँमा पुग्न पैदलयात्रा गर्नुपर्ने बाध्यता थियो । चालु आर्थिक वर्षमा विनियोजन गरेको नौ लाख ५० हजार रूपैयाँको लागतमा मौलिकतासहितको साँघु निर्माण गरेको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले जानकारी दिए । साँघुको सहतमा सिमेन्टको ढलानसहित काठ र ढुंगाको छानो हालेर निर्माण गरिएको छ । उनले भने, 'पछिल्लो समय ढोरपाटनमा आन्तरिक तथा बाहय पर्यटकको आगमन बढ्दो छ, तर उत्तरगंगामा पुल नहुँदा जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता थियो, अब त्यो समस्या समाधन भएको छ, यसले स्थानीय र पर्यटकलाई सहज बनाउने छ ।'

ढोरबहार मन्दिरदेखि स्यालपाखे जोड्नेगरी उक्त साँघु निर्माण भएको छ । पुल नहुँदा हरेक वर्षात्मा उत्तरगंगाको बाढीले मानवीय क्षति हुने गरेको थियो । साँघु नबन्दा ढोरबहार मन्दिरदेखि स्यालपाखे, पाखाथर, छेन्तुङ, ढोरपाटन सिकार आरक्ष, बुकीपाटन र जलजला जाने पर्यटकले घण्टौं लगाएर नवी र मोराङ दोगाडी घाटमा रहेको झोलुंगे पुल तर्नुपर्ने बाध्यता थियो । *रासस*

# सडक पहुँचसँगै लसुनखेतीमा आकर्षित

**भोजपुर**– टेम्केमैयुङ गाउँपालिका-५ मझौलेका किसान यतिबेला व्यावसायिक लसुनखेतीतर्फ आकर्षित हुँदै गएका छन् । विगतमा घरायसी प्रयोजनका लागिमात्र सीमित रहेको लसुनखेती अहिले आम्दानीको स्रोतका रूपमा विकास हुँदै गएको हो ।



ग्रामीण सडक सञ्जाल विस्तार भएसँगै उत्पादन गरिएको लसुन सहजरूपमा बजारसम्म पुग्न थालेपछि किसानले व्यावसायिक खेतीलाई प्राथमिकता दिन थालेका हुन् । मझौलेकी किसान विजया लुइँटेलले हाल करिब दुई रोपनी क्षेत्रफलमा लसुनखेती गरिरहेकी छन् । सडक पहुँच सहज भएसँगै व्यापारी गाउँमै पुगेर लसुन संकलन गर्न थालेपछि बजारको चिन्ता हटेको उनको भनाइ छ ।

'पहिले उत्पादन बिक्री गर्न बजारसम्म लैजान कठिन हुन्थ्यो, अहिले सडक पुगेपछि व्यापारी घरमै आउँछन्, मूल्य पनि राम्रो पाइन्छ,' लुइँटेलले भनिन् । उनका अनुसार गत वर्ष लसुन प्रतिकिलो २०० रूपैयाँसम्ममा घरबाटै बिक्री भएको थियो । उत्पादन लागत तुलनात्मकरूपमा कम र बजार मूल्य आकर्षक भएकाले राम्रो आम्दानी लिन सकिएको थियो ।

'गाउँमा धेरै किसान व्यावसायिकरूपमा लसुनखेतीमा जुटेका छन्,' उनले भनिन्, 'मैले पनि विस्तारै क्षेत्रफल बढाउँदै लगेकी छु ।'

स्थानीय किसानका अनुसार मझौलेको माटो र हावापानी लसुनखेतीका लागि उपयुक्त छ । राम्रो उत्पादन हुने र लामो समयसम्म भण्डारण गर्न सकिने भएकाले पनि लसुनखेती सुरक्षित बालीका रूपमा स्थापित हुँदै गएको छ । पछिल्लो समय छिमेकी बजार तथा जिल्लाबाहिरबाट पनि माग आउन थालेको किसानको भनाइ छ ।

मनग्य आम्दानी लिन सकिने भएकाले साना किसानका लागि पनि लसुनखेती लाभदायक बन्दै गएको छ । परम्परागत अन्नबालीको तुलनामा नगदेबालीतर्फ आकर्षण बढ्दै जाँदा गाउँको आर्थिक गतिविधिमासमेत सकारात्मक प्रभाव परेको देखिन्छ । स्थानीय तहले कृषि क्षेत्रको आधुनिकीकरण, सिँचाइ व्यवस्थापन तथा प्राविधिक सहयोगलाई प्राथमिकता दिँदै आएको जनाएको छ । सडक पूर्वाधार विस्तार र बजार पहुँच सुनिश्चितताले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएको जनाइएको छ ।

यसरी पूर्वाधार विकाससँगै कृषिमा व्यावसायिक सोच विस्तार हुँदै जाँदा मझौलेका किसान आत्मनिर्भरतातर्फ उन्मुख भएका छन् । लसुनखेतीबाट प्राप्त आम्दानीले घरपरिवारको दैनिकी सुधार्नुका साथै ग्रामीण क्षेत्रमा बसाइँसराइ रोक्न पनि सहयोग पुग्ने उनीहरूको विश्वास छ । *रासस*


**साइप्रसमा रोजगार** — कम्पनी : P.KYRIACOU @ SONS LTD-LIC.23 — कुल लागत : ५५,०००

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/२२ | LT. No. 323241 | चलानी नं. ६०२३७२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | EMPLOYEE | 8 | 9 | 400 | ६८,१४० | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ३० गते (14th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१

**मलेसियामा रोजगार** — कम्पनी : J&T EXPRESS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२२ | LT. No. 339916 | चलानी नं. ६०२५३२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Operator | 160 | 0 | 1700 | ६३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन ३० गते (14th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

**मलेसियामा रोजगार** — कम्पनी : SMT TECHNOLOGIES SDN BHD — FREE VISA !! FREE TICKET !!!

पूर्व स्वीकृति मिति : २०८२/११/२२ | LT. No. 339935 | चलानी नं. ६०२५३२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 0 | 150 | 1700 | ६३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KINGDOM PRECISION METAL SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२२ | LT. No. 339936 | चलानी नं. ६०२५३२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 60 | 20 | 1700 | ६३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ फागुन ३० गते (14th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-015423287
Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५

**जगदम्बा वचत तथा ऋण सहकारी संस्था लि.**
सुर्यविनायक-६, भक्तपुर
फोन नं. ०१-६६१३७२८, ०१-६६११४२०

**तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८२/११/२३

यस वित्तिय संस्थाका तपसिलका उल्लेखित ऋणीहरूले उपभोग गर्नु भएको कर्जाको साँवा, ब्याज रकम भुक्तानी म्याद भित्र नबुझाई कर्जाका शर्तहरू उल्लंघन गर्नुभएकोले कर्जा चुक्ताका लागि ऋणी तथा जमानीकर्तालाई पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत भाखा नाघेका कर्जा चुक्ता गर्नेतर्फ कुनै तत्परता नदेखाएको हुँदा यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
**अत:** यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना समेतको रकम बुझाउन हुन सम्बन्धित ऋणी, धितो जमानी दिने र व्यक्तिगत जमानी दिने समेतलाई सूचत गरिन्छ । सो म्याद भित्र बक्यौता रकमच्युक्ता नगरेमा सहकारी ऐन २०७४ दफा ७९ ज. बमोजिम ऋणीले यस संस्थालाई धितो लेखी दिएको सम्पत्ति लिलाम बिक्री गरी कर्जा असुल उपर गरिने छ र सो सम्पत्तिबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसके निजहरूको अन्य चल-अचल सम्पत्तिबाट समेत प्रचलित कानून बमोजिम लेना रकम असुल गरी ऋणी तथा सम्बन्धित जमानीकर्ताहरूलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा पूर्व जानकारी राइन्छ ।
सूचना प्रकाशित हुने दिन सम्मको संस्थामा तिर्न बुझाउनु पर्ने रकम रु. १९६३४५४५ (एक करोड छ्यानब्बे लाख चौतिस हजार पाच सय पैतालिस रूपैयाँ)

तपसिल:

| क्र.सं. | ऋणीको नाम | जमानी दिनेको विवरण |
|---|---|---|
| १. | ऋणीको नाम : गोपाल ठाकुर<br>बाबु : खजान्ती ठाकुर लोहार<br>बाजे : चन्चल ठाकुर<br>स्थायी ठेगाना : रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं.-१<br>नागरिकता नं. ४२५७<br>जारी मिति : २०६१।१२।२८ रौतहट | जमानी दिनेको विवरण : लक्ष्मण ठाकुर<br>बाबु : बद्री ठाकुर लोहार<br>बाजे : जलधरी ठाकुर<br>स्थायी ठेगाना : रौतहट जिल्ला कर्कच, कर्मैया- ५, रौतहट<br>ना.प्र.प.नं. ३२१७०८३९<br>जारी मिति : २०७०/०२/२३ |




## 'लालिमा' प्रदर्शन तयारी तीब्र

फिल्म 'लालिमा' फागुन २९ मा प्रदर्शनको तयारी तीब्र गरिएको छ। फिल्मको टिजर सार्वजनिक भइसकेको छ। फिल्ममा रोशनी कार्की शीर्ष भूमिकामा छिन्। रोशनीको अलावा उषा रजक, शिशिर वाङ्देल, जीवन भट्टराई, सबिन कट्टेल, घनश्याम जोशी र सुष्मा निरौलाको मुख्य भूमिका फिल्ममा छ। फिल्मको निर्देशन रोशन मिराजले गरेका हुन्। मिराजका अनुसार यो फिल्म तीन हजार यौनकर्मीको जीवन अनुभवमा आधारित रहेर निर्माण गरिएको छ। फिल्ममा 'लालिमा'को भूमिका रोशनीले निर्वाह गरेकी छन्। उनको आमाको भूमिकामा उषा छिन्।





# प्राविधिक भट्टराईको निधनपछि रोकियो 'कार्की काइँला'को छायांकन




**काठमाडौं (प्रस)–** प्राविधिक लाइटमेन शम्भु भट्टराईको निधन भएपछि चलचित्र कार्की काइँलाको छायांकन रोकिएको छ। धरातको चतराक्षेत्रमा छायांकनको तयारी गरिरहेका बेला प्राविधिक (लाइटमेन) शम्भु भट्टराई एक्कासी बिरामी भएर निधन भएपछि चलचित्रको छायांकन रोकिएको अभिनेता जितु नेपालले जनाएका छन्।

भट्टराईको शव पोष्टमार्टमका लागि धरान अस्पताल लगिएको र पोष्टमार्टमपछि अन्तेष्टीका लागि काठमाडौं लैजाने तयारी गरिएको पनि जनाइएको छ। जितुले परिवार र प्राविधिक संघ सँगको छलफलपछि चलचित्रको छायांकन सुरु गरिने पनि जनाएका छन्।

राजेन्द्र बस्नेतको निर्देशनमा निर्माण भईरहेको 'कार्की साइँला'को छायांकन धनकुटाबाट सुरु भएको थियो। त्यसपछि निर्वाचन भएका कारण रोकिएको छायांकन शुक्रबारदेखि गर्ने तयारी गरिएको थियो। मत खसालेको जनाउँदै अभिनेता जितुले आफू छायांकनका लागि चतरातर्फ लागेको सामाजिक सञ्जालमार्फत् जानकारी गराएका थिए।

चलचित्रमा अभिनेता जितु नेपाल, प्रियना आचार्य (मुन्नी), सुशील पोखरेल, बिरेन्द्र सिंह कुशहुवा, मान्शी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बु, रोदा राई, कमल देवकोटा लगायतका कलाकारहरू छन्।

निर्देशक बस्नेतले एक महिनाको सेड्युलमा फिल्मको छायांकन थालेको बताए। उनका अनुसार फिल्मको छायांकन धनकुटा, बराहक्षेत्र र चतरामा हुनेछ।

यो फिल्ममा अभिनेता जितु नेपालको जोडीको रूपमा प्रियना हुने निर्माण पक्षले जानकारी दिएका छन्। यसअघि प्रियनाले 'झरिपछिको इन्द्रेणी'मा अभिनय गरेकी थिइन्। सक्किगोनी टेलिश्रृंखलाबाट चर्चामा आएकी प्रियना र जितुको पहिलो सहकार्य हो। कर्णबहादुर फिल्मस् प्रालीको ब्यानरमा निर्माण हुने यस फिल्ममा बालकुमार राई निर्माता रहेका छन्। कृष्ण भगत चाम्लिङको प्रस्तुती रहेको यस फिल्ममा मुख्य सहायक निर्देशक रोजल थापाले गर्दैछन् भने छायांकन डम्बर राईको रहने छ। यस फिल्मको द्वन्द किरण दाहालको छ भने संगीत दिप्सन लिम्बु, प्रोडक्सन सिबी भण्डारीको रहेको छ। फिल्मको रिलिज मिति भने निर्माण पक्षले छायांकन सकेपछि तोक्ने बताइएको छ।

# संगीतकार विक्रम राईको पहिलो स्मृतिसभा



■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय गायक तथा संगीतकार स्वर्गीय बिक्रम राइको पहिलो स्मृति सभा सोमबार बिहान आयोजना गरिएको छ। स्मृति सभामा नेपाली सांगीतिक छेत्रका दर्जनौ कलाकारहरूको उपस्थिति थियो। उनकी प्रेमिका अर्जुना राई द्वारा कपन स्थित आफ्नै निवासमा आयोजित स्मृति सभामा गायक गायिकाले स्वर्गीय बिक्रम राइका गीतहरू गाउदा कार्यक्रम स्थलमा भावबिहल भएका थिए भने धेरै कलाकारहरूले

गायन र संगीत सिर्जनामा उत्तिकै दख्खल विक्रमको नेपाली सांगीतिक क्षेत्रमा गरेको योगदानको चर्चा गरेका थिए। कार्यकममा उनको स्वर तथा संगीतमा रहेको गीत 'कुलुलु बग्ने'को भिडियो पनि सार्वजनिक गरिएको थियो। ईश्वर चामलिंगको शब्द र देबेश राइको एरेन्ज रहेको गीतको भिडियोलाई उनको जीवनकथामा तयार पारिएको छ। बेदना राई र सरोज खालिंग राइको अभिनय रहेको भिडियोलाई राजेश पुमाले निर्देशन गरेका हुन् उत्सव दाहालको सीनेमाटोग्राफी र विकाश धमलाको सम्पादन रहेको भिडियोलाइ अर्जुना राईले नै निर्माण गरेकी हुन्।

खोटाङका स्थायी बासिन्दा राइको ३१ बर्षको अल्पायुमै गत बर्ष फागुन १८ गते निधन भएका भएको थियो। उनी डेढ दशकदेखि नेपाली सांगीतिक क्षेत्रमा सक्रिय थिए।

राइले संगीत भरेको तथा गाएको गीतहरू सयौंको संख्यामा छन्। 'हौवा हौ दर्शन नमस्ते', 'तिम्ले बाटो फेर्‍यौ अरे' २ र ३, 'जीवनसाथी तिमीलाई छ मेरो सलाम' (मेल भर्सन)लगायत गीत चर्चित छन्।

## रंगशाला

### टी-२० विश्वकप

# इंग्ल्याण्डलाई हराउँदै भारत फाइनलमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** ज्याकब बेथेलको शानदार शतकका बाबजुद इंग्ल्यान्डलाई पराजित गर्दै भारत आईसीसी टी-२० विश्वकप २०२६ को फाइनलमा प्रवेश गरेको छ। बिहीबार मुम्बईस्थित वानखेडे स्टेडियममा भएको दोस्रो सेमिफाइनलमा इंग्ल्यान्डलाई ७ रनले पराजित गर्दै भारत लगातार दोस्रोपटक फाइनलमा पुगेको हो।

भारतले दिएको २५४ रनको विशाल लक्ष्य पछ्याएको इंग्ल्यान्डले पूरा २० ओभरमा ७ विकेट गुमाएर २४६ रन मात्र बनाउन सक्यो।

अन्तिम १८ बलमा ४५ रन आवश्यक छँदा १७औं ओभरमा जसप्रित बुमराहले ६ रन मात्र दिए। १९औं ओभरमा हार्दिक पान्ड्याले साम करानलाई आउट गर्दै ९ रन मात्र दिएपछि इंग्ल्यान्डलाई ६ बलमा ३० रन आवश्यक थियो। शिवम दुबेको अन्तिम ओभरको पहिलो बलमा २ रन लिने क्रममा बेथेल रनआउट भएपछि आएका जोफ्रा आर्चरले ३ छक्का प्रहार गरेपनि पर्याप्त भएन।

बेथेलले ४८ बलमा ८ चौका र ७ छक्कासहित १०५ रनको शानदार इनिङ खेले। सुरुवातदेखि विकेट गुमाएर दबाबमा देखिएको इंग्ल्यान्डका लागि उनले जितको सम्भावना कायमै राखेका थिए। बेथेलले विल ज्याक्ससँग मिलेर पाँचौं विकेटका लागि ७७ रनको साझेदारी गरेका थिए। ज्याक्सले २० बलमा ३५ रन बनाए। जस बट्लरले २७ रन बनाए।

भारतका लागि अर्शदीप सिंह, जसप्रित बुमराह, वरुण चक्रवर्ती, अक्षर पटेल, हार्दिक पान्ड्या र शिवम दुबेले एक-एक विकेट प्राप्त गरे।... त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले २० ओभरमा ७ विकेट गुमाएर २५३ रनको विशाल योगफल खडा गरेको थियो। सन्जु सामसनले ४२ बलमा ८ चौका र ७ छक्कासहित ८९ रन बनाए। शिवम दुबेले २५ बलमा ४३ रन, इशान किशनले १८ बलमा ३९ रन, हार्दिक पान्ड्याले २७ तथा तिलक वर्माले २१ रन बनाए।

इंग्ल्यान्डका विल ज्याक्स र आदिल राशिदले दुई-दुई विकेट लिँदा जोफ्रा आर्चरले एक विकेट लिए। भारतले अब उपाधिका लागि आइतबार न्युजिल्यान्डसँग खेल्नेछ। फाइनल खेल अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा हुनेछ।

# एसियाली खेलकुदको प्रवर्द्धनका लागि 'एसियन गेम्स फन रन'को तयारी

■ प्रभाव संवाददाता




**काठमाडौं–** बिसौँ एसियाली खेलकुदको प्रवर्द्धनका लागि 'एसियन गेम्स फन रन' हुने भएको छ। नेपाल ओलम्पिक कमिटी (एनओसी)ले ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)को कार्यक्रमअन्तर्गत 'फन रन' गर्न लागेको हो।

एनओसीले यो दौड सफलतापूर्वक सञ्चालन गर्नका लागि रामकृष्ण श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय एसियन गेम फन रन आयोजक समितिको गठन गरेको छ। संयोजक श्रेष्ठले एसियन गेम्सअघि एसियाको यस शीर्ष खेलकुद प्रतियोगितामा सहभागी हुने प्रायः राष्ट्रले फन रन गर्ने परम्परा रहिआएको बताए।

उनले भने, 'हामीले पनि ओलम्पिकको भावनाअनुरूप हुने यस परम्परालाई कायम राख्न विगत तीन वर्षदेखि एसियाली खेलकुदअघि फन रनको आयोजना गर्दै आएका छौं।' यसअघि, एनओसीले सन् २०१८ मा भएको जाकार्ता-पालेमबाङ एसियाड र पछिल्लो ह्वाङजाउ एसियाडको प्रचारप्रसारस्वरूप फन रनको आयोजना गरेको थियो। फन रन यही फागुन ३० गते बिहान ७:३० बजे आयोजना गरिनेछ। एनओसी भवनको प्राङ्गणमा एक कार्यक्रमबीच सुरु हुने फन रन पाटन दरबार स्क्वायरमा पुगेर समापन हुनेछ।

संयोजक श्रेष्ठले करिब तीन किलोमिटरको सो फन रन दूरीमा सहभागीहरूले पाटनका सम्पदा क्षेत्रको अवलोकन पनि गर्ने बताए। सो फन रनमा खेलाडी, विद्यार्थी, सञ्चारकर्मी, ओलम्पियन, खेल सङ्घसंस्था, कूटनीतिक व्यक्तित्व र सुरक्षा फौजका प्रतिनिधि गरी करिब एक हजाको सहभागिता रहने अपेक्षा गरेको उनले बताए। सो फन रनमा आइची नागोया एसियन गेम्सको आयोजक कमिटीका प्रतिनिधिहरू, ओलम्पिक काउन्सिल अफ एसियाका प्रतिनिधिहरूका साथै नेपालका लागि जापानी राजदूतको पनि सहभागिता रहने जनाइएको छ।

आगामी एसियाड गर्ने जिम्मा जापानको नागोया सहरलाई दिइएको छ। प्रत्येक चार वर्षमा हुने एसियाड यसपालि आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ तारिखसम्म हुँदैछ। २०औं एसियाली खेलकुदमा सहभागिताका लागि एनओसीले ३२ खेलको दर्ता गरिसकेको छ।

### इंग्लिस प्रिमियर लिग

# युनाइटेड पराजित, सिटीले अंक गुमायो

■ प्रभाव संवाददाता

**काठमाडौं–** इंग्लिस प्रिमियर लिगको मिड-विक खेलमा म्यान्चेस्टर सिटीले नटिंघम फरेस्टसँग २-२ को बराबरी खेलेको छ।

यस नतिजासँगै प्रशिक्षक पेप ग्वार्डिओलाको टोलीले शीर्ष स्थानमा रहेको आर सँगको अंक दूरी घटाउन सकेन।

यता म्यान्चेस्टर युनाइटेडले पनि न्युकासल युनाइटेडसँग २-१ ले हार बेहोरेको छ। म्यानचेस्टर सिटी २-२ नटिङ्घम फरेस्ट दुई पटक अग्रता लिए पनि सिटीले जित जोगाउन सकेन। ३१औं मिनेटमा एन्टोनी सेमेनियोको आकर्षक भली गोलबाट घरेलु टोलीले सुरुआती अग्रता लियो।

दोस्रो हाफ सुरु भएपछि नटिङ्घम खेलमा फर्कियो। गिब्स-ह्वाइटले बराबरी गोल गरे। त्यसको केहीबेरमै, ६२औं मिनेटमा रोड्रीले सिटीलाई पुनः २-१ को अग्रता दिलाए।

तर ७६औं मिनेटमा इलियट एन्डरसनको उत्कृष्ट गोलमार्फत नटिङ्घम फेरि खेलमा फर्कियो। बाँकी समयमा थप गोल हुन नसकेपछि दुवै टोलीले अंक बाँडे।

२९ खेलबाट ६० अंक जोडेको सिटी दोस्रो स्थानमा छ। शीर्ष स्थानमा रहेको आर्सेनलको ६७ अंक छ। नटिङ्घम २९ खेलबाट २८ अंकसहित १७औं स्थानमा छ।



भारतको नयाँ दिल्लीस्थित इरानी दूतावासमा राखिएको शोक पुस्तिकामा अमेरिका र इजरायलको आक्रमणमा परी मृत्यु भएका इरानी सर्वोच्च नेता अयातुल्लाह अली खामेनीका लागि शोक सन्देश लेख्दै भारतीय शिया मुस्लिम महिला । *तस्बिरः एपी*

# उडान ट्याक्सीतर्फ चीनको अर्को कदम

**कुन्सान (चीन)–** चीनमा विकास भइरहेको ठूलो विद्युतीय विमान 'म्याट्रिक्स'ले भविष्यमा उडान ट्याक्सी सेवा कस्तो देखिन सक्छ भन्ने संकेत दिएको छ । दक्षिणपूर्वी चिनियाँ सहर कुन्सानमा परीक्षण भइरहेको यो १० यात्रु क्षमताको विद्युतीय विमानलाई चीनमा हालसम्म निर्माण गरिएको सबैभन्दा ठूलो सीधै माथि उड्न र सीधै अवतरण गर्न सक्ने (इभिटिओएल) विद्युतीय विमान मानिन्छ ।

सांघाई बन्दरगाहबाट करिब ६० किलोमिटर पश्चिममा रहेको कुन्सानस्थित एक हयांगरमा हालै यस विमानको प्रदर्शन गरिएको थियो । विशाल ड्रोनजस्तै देखिने 'म्याट्रिक्स' करिब पाँच टन तौलको इभिटिओएल विमान हो, जसले भविष्यमा सहरभित्रको हवाई ट्याक्सी सेवाको सम्भावनालाई संकेत गरेको छ ।



सन् २०१७ मा स्थापना भएको चिनियाँ कम्पनी अटोफ्लाइटले यो विमान विकास गरेको हो । कम्पनीका अनुसार म्याट्रिक्सले एकपटकमा १० जनासम्म यात्रु बोक्न सक्छ । यसको पखेटाको फैलावट करिब २० मिटर (लगभग ६६ फिट) छ भने विमानको लम्बाइ १७.१ मिटर र उचाइ ३.३ मिटर रहेको छ । पूर्णरूपमा चार्ज गरिएको अवस्थामा यसले करिब एक घण्टासम्म उडान भर्न सक्ने क्षमता राख्छ ।

अटोफ्लाइटले एसोसिएटेड प्रेसका लागि आफ्नो कम उचाइ उडान परीक्षण केन्द्रमा यसको प्रत्यक्ष उडान प्रदर्शन पनि गराएको थियो । चिसो दिनमा गरिएको उक्त प्रदर्शनमा कर्मचारीहरूले म्याट्रिक्सलाई हयांगरबाट हेलिप्याडमा सारेपछि उडानका लागि तयारी गरिएको थियो ।

प्रोपेलरहरू सुरु गरिएपछि केही मिनेटसम्म प्रणालीको जाँच गरियो । सबै उपकरण ठीक रहेको पुष्टि भएपछि विमान बिस्तारै आकाशतर्फ उड्न थाल्यो । यसको आवाज सुनिन्थ्यो तर सामान्य हेलिकप्टरको तुलनामा कम थियो । करिब १० मिनेटसम्म उडान भरेपछि र हेलिपोर्ट वरिपरि दुई चक्कर लगाएपछि म्याट्रिक्स सहजरूपमा फर्किएर सुरक्षित अवतरण गरेको थियो ।

यद्यपि, यस्तो प्रविधि व्यापकरूपमा प्रयोगमा आउन अझै केही समय लाग्ने देखिन्छ । अटोफ्लाइटका वरिष्ठ उपाध्यक्ष स्टिभन याङका अनुसार उडान ट्याक्सी वास्तविक सेवाका रूपमा कहिले सञ्चालनमा आउला भन्ने प्रश्नको स्पष्ट उत्तर दिन अहिले कठिन छ ।

उनले कम्पनीसँग पहिले नै दुई टन क्षमताको यात्रुवाहक इभिटिओएल विमान तयार भइसकेको तर आवश्यक प्रमाणीकरण प्रक्रियाको प्रतीक्षामा रहेको जानकारी दिए । अटोफ्लाइटले सन् २०२७ सम्म नियामक निकायबाट 'टाइप प्रमाणपत्र' प्राप्त गर्ने अपेक्षा गरेको उनले बताए । यस्तो प्रमाणपत्रले विमानको डिजाइनले सुरक्षा मापदण्ड पूरा गरेको पुष्टि गर्छ । तर यात्रु बोकेर सञ्चालन गर्न 'अपरेटर प्रमाणपत्र' लगायत अन्य स्वीकृतिहरू पनि आवश्यक पर्ने छन् ।

हाल म्याट्रिक्स अझै प्रोटोटाइपकै चरणमा रहेको छ । चीनका अन्य केही कम्पनीहरूले पनि इभिटिओएल विमान विकास गरिरहेका छन् । गुआंगडोङ प्रान्तमा आधारित एहाङ कम्पनीले विकास गरेको विमानलाई व्यावसायिक यात्रु सेवा सञ्चालनका लागि अधिकारीहरूले प्रमाणीकरण प्रदान गरिसकेका छन्, तर व्यावहारिक सेवा अझै सुरु भएको छैन ।

विशेषज्ञहरूका अनुसार यस्तो उडान ट्याक्सी सेवा सञ्चालन गर्न अनुमतिमात्र पर्याप्त हुँदैन । त्यसका लागि आवश्यक पूर्वाधार, उडान मार्ग, सुरक्षा प्रणाली र सञ्चालन व्यवस्थापन पनि तयार हुनुपर्छ । चीनले पछिल्लो समय 'कम-उचाइ अर्थतन्त्र' नामक अवधारणालाई अघि बढाइरहेको छ । यसअन्तर्गत ड्रोन तथा साना उडान उपकरणहरूको प्रयोग विस्तार भइरहेको छ । उदाहरणका लागि, दक्षिणी सहर सेन्जेनमा अहिले नै ड्रोनमार्फत खाना डेलिभरी सेवा सञ्चालन भइरहेको छ ।

न्याटिक्सिस कर्पोरेट एण्ड इन्भेस्टमेन्ट बैंकिङका वरिष्ठ अर्थशास्त्री ग्यारी एन्गाले उडान ट्याक्सी उद्योगको विकासलाई नजिकबाट अध्ययन गरिरहेका छन् । उनका अनुसार चीनले सुरक्षा सुनिश्चितता, आवश्यक पूर्वाधार निर्माण तथा उडान मार्ग व्यवस्थापन जस्ता चुनौतीहरू पार गर्नुपर्ने छ ।

उनले प्रविधिमात्र पर्याप्त नभएको उल्लेख गर्दै यससँग सम्बन्धित सम्पूर्ण इकोसिस्टम अझै पूर्णरूपमा विकसित भइनसकेको बताए । उनका अनुसार व्यावहारिकरूपमा यस्तो सेवा देखिन कम्तीमा पनि थप तीन वर्ष लाग्न सक्छ ।

यद्यपि म्याट्रिक्सको परीक्षण उडान हेर्दा भविष्यमा सहरमाथि यस्ता विद्युतीय विमानहरू देखिने सम्भावना भने स्पष्ट देखिन्छ । अटोफ्लाइटका याङका अनुसार विद्युतीय उडान ट्याक्सी अन्ततः वास्तविकतामा परिणत हुने विश्वास कम्पनीलाई छ । तर यस्तो भविष्य निर्माण गर्न एउटा कम्पनीको प्रयासमात्र पर्याप्त नहुने र सम्पूर्ण उद्योग तथा पूर्वाधारको संयुक्त विकास आवश्यक पर्ने उनले उल्लेख गरे । *रासस/एपी*

# रुसी तेल भारतलाई बेच्न अमेरिकाको अस्थायी अनुमति




**वासिङ्टन–** अमेरिकाले रुसमाथि लगाइएका आर्थिक प्रतिबन्धबीच विश्व ऊर्जा बजारमा सम्भावित अवरोध कम गर्ने उद्देश्यले समुद्रमा अड्किएको रुसी तेल भारतलाई बिक्री गर्न अस्थायी अनुमति दिएको छ । अमेरिकी सरकारले बिहीबार उक्त निर्णय सार्वजनिक गर्दै सीमित समयका लागि प्रतिबन्धमा आंशिक छुट दिएको जनाएको छ ।

अमेरिकी अर्थ मन्त्रालयअन्तर्गतको विदेशी सम्पत्ति नियन्त्रण कार्यालय (ओएफएसी)ले जारी गरेको विशेष इजाजतपत्रमार्फत मार्च ५, २०२६ सम्म जहाजमा लोड गरिएको रुसी संघको कच्चा तेल तथा पेट्रोलियम उत्पादन भारतमा पुर्‍याउने र बिक्री गर्ने कारोबारलाई अनुमति दिइएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार यस्तो तेलसँग सम्बन्धित लेनदेन अप्रिल ३, २०२६ को दिनको अन्त्यसम्मका लागि वैध रहने छ ।

अर्थमन्त्री स्कट बेसेन्टले विश्वबजारमा तेलको आपूर्ति निरन्तर रहोस् भन्ने उद्देश्यले यो अस्थायी छुट जारी गरिएको स्पष्ट गरे । उनका अनुसार यस निर्णयले रुसी सरकारलाई उल्लेखनीय आर्थिक लाभ पुग्ने सम्भावना छैन, किनकि अनुमति समुद्रमा पहिले नै अड्किएको तेलसँग सम्बन्धित सीमित कारोबारमा मात्र लागू हुने छ ।

बेसेन्टले सामाजिक सञ्जाल एक्समा लेख्दै यस्तो अस्थायी कदमले ऊर्जा बजारमा देखिएको दबाब केही हदसम्म कम गर्ने विश्वास व्यक्त गरे । उनले भारतलाई गरिने बिक्रीले 'इरानले विश्व ऊर्जा आपूर्तिलाई दबाबमा पार्ने प्रयासबाट सिर्जित तनावलाई कम गर्न सहयोग पुग्ने' उल्लेख गरे ।

भारतले अमेरिकासँग भएको व्यापारिक सहमतिको एक हिस्साका रूपमा रुसी तेल खरिद क्रमशः बन्द गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको भए पनि समुद्रमा अड्किएको तेलको व्यवस्थापनका लागि यो अस्थायी अनुमति दिइएको जनाइएको छ ।

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत नोभेम्बरमा रुसका प्रमुख तेल कम्पनी लुकोइल र रोजनेफ्टमाथि कडा प्रतिबन्ध घोषणा गरेका थिए । युक्रेनमाथि रुसले गरेको आक्रमणको सन्दर्भमा ट्रम्प प्रशासनले रुसमाथि चालेका कदममध्ये ती प्रतिबन्धलाई सबैभन्दा कडा कदमका रूपमा हेरिएको थियो । ती प्रतिबन्ध लागू भएपछि रुसी तेलका प्रमुख खरिदकर्ताहरूले वैकल्पिक आपूर्तिकर्ता खोज्ने प्रयास तीव्र बनाएका थिए । ऊर्जा बजारमा अनिश्चितता बढेपछि विभिन्न देशहरूले वैकल्पिक आपूर्ति मार्ग र स्रोतको खोजी गरिरहेका छन् ।

यसैबीच, सन् २०२२ मा मस्कोले युक्रेनमाथि आक्रमण गरेपछि वासिङ्टन, युरोपेली संघ (इयू) र जी-७ समूहका देशहरूले रुसमाथि व्यापक प्रतिबन्ध लगाएका थिए । ती प्रतिबन्धबाट बच्न रुसले अपारदर्शी स्वामित्व भएका पुराना तेल ट्यांकरहरूको ठूलो बेडा सञ्चालनमा ल्याएको अन्तर्राष्ट्रिय विश्लेषकहरूले बताउँदै आएका छन् । *रासस/एएफपी*

# हिन्द महासागरमा श्रीलंकाद्वारा इरानी जहाज नियन्त्रणमा

**कोलम्बो–** अमेरिकाले इरानी युद्धपोत डुबाएपछि श्रीलंकाले शुक्रबार आफ्नो तटमा रहेको इरानी जहाज आइआरआइएस बुसेहरको नियन्त्रणमा लिएको छ र जहाजमा सवार २०० भन्दा बढी नाविकलाई किनारमा सार्न सारिएको छ । हिन्द महासागरमा अमेरिकाको आक्रमणपछि उत्पन्न तनावलाई नियन्त्रणमा राख्न श्रीलंकाले यस्तो कदम चाल्नु परेको अधिकारीहरूले बताए ।

श्रीलंकाली नौसेनाका प्रवक्ता कमोडोर बुद्धिका सम्पथका अनुसार नाविकहरूलाई मेडिकल परीक्षण र आप्रवासन प्रक्रियापछि कोलम्बोबाट करिब २० किलोमिटर उत्तरमा रहेको वेलिसाराको नौसेना आधारमा लगिने छ । जहाजलाई पछि टापुको पूर्वी बन्दरगाहमा सारिने योजना बनाइएको छ ।



इरानी युद्धपोत आइआरआइएस देना बुधबार अमेरिकी पनडुब्बीले डुबाएपछि श्रीलंकाले जहाज लिन कदम चालेको हो । यो घटना दोस्रो विश्वयुद्धपछिको दुर्लभ उदाहरणमध्येको हो, जसमा पनडुब्बीले सतहको युद्धपोत डुबाएको थियो । घटनाले इरान-अमेरिका-इजरायलको सैन्य अभियानको दायरालाई हिन्द महासागरसम्म फैलाएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले अमेरिकी आक्रमणलाई 'समुद्रमा भएको अत्याचार' भन्दै कडा अफसोस व्यक्त गरे । श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायकले जहाजका इरानी अधिकारीसँग छलफलपछि नियन्त्रण लिने निर्णय भएको बताए । उनले भने, 'हामीले यो सामान्य अवस्था होइन भनेर बुझ्नुपर्छ । अन्तर्राष्ट्रिय सन्धि र महासन्धिअनुसार निर्णय गरिएको हो ।'

इरानी जहाज आइआरआइएस बुसेहरलाई नौसेनाको रसद जहाजको रूपमा वर्णन गरिएको छ, जसमा हेलिकप्टर प्याड पनि छ । यस प्रकरणले श्रीलंकालाई रणनीतिकरूपमा संवेदनशील स्थिति बनाउन पुगेको छ । देशले मानवीय दायित्व, अन्तर्राष्ट्रिय समुद्री कानुन र गुटनिरपेक्ष नीतिलाई सन्तुलनमा राख्ने प्रयास गर्दै आएको छ । दिसानायकले भने, 'हामी कुनै पक्षपाती हुने छैनौं । कुनै राज्यको अधीनमा पनि हुने छैनौं । प्रत्येक जीवन हाम्रो आफ्नै जत्तिकै बहुमूल्य छ ।' श्रीलंकाली नौसेनाले जहाजलाई ट्रिन्कोमाली तटमा नेभिगेट गर्न सहयोग गर्दै बाँकी चालक दललाई आधारमा राख्ने व्यवस्था गरेको छ । *रासस/एएफपी*

# नाबालिगका लागि पोर्न साइट बन्द

**सिड्नी–** अस्ट्रेलियाले बालबालिकालाई अनलाइन अश्लील सामग्रीबाट जोगाउन कडा कदम चाल्दै १८ वर्षभन्दा कम उमेरका प्रयोगकर्तालाई पोर्न वेबसाइट पहुँच बन्द गर्न बाध्य पार्ने नयाँ नियम सोमबारदेखि लागू गर्ने जनाएको छ ।

अस्ट्रेलियाको अनलाइन सुरक्षा नियामकका अनुसार नयाँ व्यवस्थाअन्तर्गत पोर्न वेबसाइटहरूमा पहुँच गर्नुअघि प्रयोगकर्ताले आफ्नो उमेर प्रमाणित गर्नुपर्ने छ । अब 'म १८ वर्षभन्दा माथिको हुँ' भन्ने बटनमात्र क्लिक गर्नु पर्याप्त नहुने स्पष्ट गरिएको छ ।

नियम लागू हुनुअघि नै केही अस्ट्रेलियाली वेबसाइटहरूले गैरसदस्य प्रयोगकर्तालाई पहुँच बन्द गर्न थालेका छन् भने कतिपयले नयाँ दर्ता नै स्वीकार गर्न छोडेका छन् । यी साइटहरूले कम उमेरका प्रयोगकर्तालाई रोक्न उमेर प्रमाणीकरण प्रविधि प्रयोग गर्नुपर्ने छ ।

नयाँ व्यवस्था अस्ट्रेलियाले यसअघि लागू गरेको अनलाइन बाल सुरक्षा नीतिको विस्तार हो । सरकारले गत डिसेम्बर १० देखि १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जाल प्लेटफर्ममा सहभागी हुन प्रतिबन्ध लगाएको थियो ।

अनलाइन सुरक्षा आयुक्त जुली इनम्यान ग्रान्टका अनुसार यो कदम बालबालिकालाई पोर्नोग्राफी, अत्यधिक हिंसात्मक सामग्री, आत्महत्यासम्बन्धी सामग्री र खानपान विकारसँग जोडिएका हानिकारक सामग्रीबाट जोगाउनका लागि लिइएको हो । नियम पोर्न वेबसाइटमामात्र सीमित छैन । खोज इन्जिन, एप स्टोर, अनलाइन गेमिङ सेवा तथा च्याटबटसहितका जेनेरेटिभ कृत्रिम बौद्धिकता प्रणालीहरूलाई पनि उमेर नियन्त्रणसम्बन्धी मापदण्ड पालना गर्नुपर्ने छ ।

इनम्यान ग्रान्टका अनुसार कम्पनीहरूले नियम उल्लंघन गरेमा प्रतिउल्लंघन चार करोड ९५ लाख अस्ट्रेलियाली डलर (करिब तीन करोड ५० लाख अमेरिकी डलर) सम्म जरिवाना हुन सक्छ ।

उनले समाजले लामो समयदेखि बालबालिकालाई जोखिमपूर्ण स्थानबाट जोगाउन उमेर सीमा आवश्यक मान्दै आएको उल्लेख गरे । 'हामी बच्चाहरूलाई बार, मदिरा पसल, वयस्क पसल वा क्यासिनोमा प्रवेश गर्न दिँदैनौं । तर उनीहरूले धेरै समय बिताउने अनलाइन संसारमा त्यस्तो सुरक्षा निकै कमजोर छ,' उनले भने ।

नयाँ नियम लागू भएपछि प्राविधिक कम्पनीहरूले आफ्ना सेवामा समान मापदण्ड लागू गर्नुपर्ने छ, ताकि बालबालिका गल्तीले पनि हानिकारक सामग्रीमा नपरोस् । यसअन्तर्गत यौन स्पष्ट, हिंसात्मक वा आत्महानि सामग्री उत्पादन गर्न सक्ने एआई च्याटबटहरूले प्रयोगकर्ताको उमेर पुष्टि गर्नुपर्ने छ । एप स्टोर र अनलाइन गेमिङ साइटहरूले पनि १८ वर्षभन्दा कम उमेरका प्रयोगकर्तालाई वयस्क सामग्रीबाट रोक्नुपर्ने छ ।

खोज इन्जिन प्रयोग गर्दा पनि परिवर्तन देखिने छ । उदाहरणका लागि प्रयोगकर्ता आफ्नो खातामा लगइन नगरी खोजी गर्दा पोर्नोग्राफी वा अत्यधिक हिंसात्मक सामग्री भएका नतिजा पूर्वनिर्धारित रूपमा अस्पष्ट पारिने छन् । आत्महत्या वा खानपान विकारसँग सम्बन्धित खोजी गर्दा भने पहिलो नतिजामा मानसिक स्वास्थ्य सहायता सेवासम्बन्धी जानकारी देखाइने व्यवस्था गरिने छ ।

नियामक निकायले नयाँ नियमको कार्यान्वयन निरन्तर अनुगमन गरिने र व्यापकरूपमा पालना नगर्ने कम्पनीविरुद्ध कानुनी कारबाही गरिने जनाएको छ । इनम्यान ग्रान्टका अनुसार कुनै पनि नियमले सबै जोखिम तुरुन्त हटाउन नसके पनि यी उपायहरूले डिजिटल वातावरणमा बालबालिकाका लागि महत्त्वपूर्ण सुरक्षा सिर्जना गर्ने विश्वास गरिएको छ । साथै, सरकारको 'डिजिटल हेरचाह दायित्व' कार्यान्वयन गर्ने प्रतिबद्धताले भविष्यमा अनलाइन सुरक्षालाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३१३४०० | प्रति तोला - ० | प्रति तोला - ५४४५ |



**डोकामा घाँस** | दाङको घोराही उपमहानगरपालिका-१८ स्थित फुर्सेखालीका स्थानीय महिला पशु चौपायाका लागि काटिएको घाँस डोकामा बोकेर घरतर्फ फर्किँदै ।
*तस्बिर : कुलदीप न्यौपाने/रासस*

मतगणना

## पूर्वअर्थमन्त्रीहरूमध्ये कसको सम्भावना कति ?



■ प्रभाव संवाददाता

**काठमाडौं–** बिहीबार सम्पन्न मतदानको मतगणना भईरहेको छ । देशभरको हालसम्मको मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टीले अधिकांश स्थानमा अग्रता लिइरहेको छ ।

ती मध्ये कतिपय पूर्वअर्थमन्त्रीहरू पराजयको संघारमा रहेका छन् । पूर्वअर्थमन्त्री विष्णु पौडेल रूपन्देही २ बाट पराजयको नजिक रहेका छन् । उनको स्थानमा रास्वपाका उम्मेदवार सुलभ खरेल विजयी हुने सम्भावना रहेको छ । अघिल्लो चुनावमा पौडेल सोही क्षेत्रबाट रास्वपा उम्मेदवारलाई पराजित गर्दै विजयी भएका थिए ।

त्यस्तै अर्का अर्थमन्त्री डा. प्रकाशशरण महत पनि चुनावी मैदानमा रहेका छन् । उनी नुवाकोट क्षेत्र नं. १ बाट चुनावी मैदानमा रहेका छन् । प्रारम्भिक मतगणनामा उनी पनि रास्वपा उम्मेदवार भन्दा पछाडि नै रहेका छन् । अघिल्लो पटकको निर्वाचनमा समानुपातिकमा परेका डा. महत यसपटक गृह जिल्ला नुवाकोटमा प्रत्यक्षमा उम्मेदवार बनेका थिए । उनी रास्वपाका विक्रम तिमिल्सिना, नेपाली कम्युनिस्ट पार्टीका हितबहादुर तामाङ, नेकपा एमालेका बद्री मैनालीलगायतसँग चुनावी मैदानमा रहेका छन् ।

त्यस्तै अर्का अर्थमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टीका नेता वर्षमान पुन भने रोल्पामा निर्वाचन लडेका छन् । उनी रोल्पाबाट तेस्रो पटक उम्मेदवार बनेका हुन् । यसअघि उनी २०७४ र २०७९ सालको निर्वाचनमा विजयी भएका थिए । यसपटक पनि उनले समाचार तयार पार्दासम्मको समयसम्म अग्रता कायम गरिरहेका छन् । उनी विजयी हुने सम्भावना बढी रहेको छ ।

पूर्वअर्थमन्त्री तथा कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीले यसपालि सुनसरी-४ बाट निर्वाचन लडेका छन् । अघिल्लो चुनावमा उनी सुनसरी-४ मा यसअघि वाम गठबन्धनलाई हराउँदै विजयी भएका थिए । तर यसपटक भने उनी प्रारम्भिक मतगणनामा पछि परेका छन् ।

त्यस्तै प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता तथा पूर्वअर्थमन्त्री जनार्दन शर्मा रुकुम पश्चिमबाट चुनावी मैदानमा रहेका छन् । चार पटक यही निर्वाचन क्षेत्रबाट विजयी भएका उनी यसपटक पनि विजयी हुने सम्भावना देखिएको हो । उनी नेपाली कम्युनिस्ट पार्टीभन्दा अगाडि रहेका छन् ।

## रातमाटे सबस्टेसनका कर्मचारीलाई तालिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले नुवाकोटमा निर्माणाधीन रातमाटे सबस्टेसनमा कार्यरत ठेकेदार कम्पनीका कर्मचारीलाई मानव बेचबिखन नियन्त्रण (सि-टिआइपी) तथा महिला तथा बालबालिकाविरुद्ध हुने यौन दुर्व्यवहार र हिंसा (भिएडब्लुसी) सम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरेको छ ।

उक्त नियमित तालिम टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनीका कर्मचारी र व्यवस्थापकलाई लक्षित थियो ।

सो कम्पनी रातमाटे सबस्टेसन निर्माणको ठेकेदारका रूपमा कार्यरत छ । एमसिए-नेपालका अनुसार कार्यस्थल तथा परियोजना प्रभावित समुदायमा सुरक्षित, मर्यादित र सम्मानजनक वातावरण सुनिश्चित गर्नु तालिमको मुख्य उद्देश्य रहेको छ । कार्यक्रममा सहभागीलाई कार्यस्थलमा मानव बेचबिखन, यौन दुर्व्यवहार तथा लैङ्गिक हिंसा जस्ता जोखिमहरू पहिचान गर्ने, त्यसको रोकथाम गर्ने र आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्ने विषयमा जानकारी दिइएको थियो ।

साथै, कुनै पनि प्रकारको दुर्व्यवहार, शोषण वा अनियमितता देखिएमा उपलब्ध उजुरी तथा रिपोर्टिङ संयन्त्रमार्फत कसरी जानकारी गराउने भन्ने विषयमा पनि सहभागीहरूलाई प्रशिक्षण दिइएको जनाइएको छ। परियोजना कार्यान्वयनका क्रममा श्रमिक, महिला, बालबालिका तथा स्थानीय समुदायको सुरक्षालाई प्राथमिकतामा राख्दै यस्ता तालिमहरू नियमित रूपमा सञ्चालन गरिँदै आएको एमसिसी-नेपालले जनाएको छ ।

दुईदिने तालिममा कुल २८ जना सहभागी भएका थिए । मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)को सहयोगमा कार्यान्वयन भइरहेको नेपाल कम्प्याक्ट अन्तर्गतका विद्युत् पूर्वाधार आयोजनाहरूमा सामाजिक तथा लैङ्गिक सुरक्षासम्बन्धी मापदण्ड पालना सुनिश्चित गर्न यस्ता क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइँदै आएको एमसिए-नेपालले जनाएको छ ।


## सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं ।

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं ।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं ।
- गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं ।
- बच्चा जन्मनेबित्तिकै बिगौति दूध खुवाऔं ।
- ६ महिनासम्म आमाको दूध मात्र खुवाऔं ।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गराऔं ।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### कर्पोरेट

## सिटिजन्स बैंक र एनसिएचएलबीच सम्झौता



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नेपाल क्लियरिङ हाउसबीच सम्झौता भएको छ । यी दुईबीच नेशनल कार्ड स्वीच अन्तर्गतको डोमेस्टिक कार्ड स्किममार्फत् नेपालपे कार्ड सञ्चालनका लागि सहमति भएको हो ।

सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल र एनसिएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नीलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका थिए । यस सम्झौता अन्तर्गत सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड एनसिएलएलको इएफटी कार्ड जारी गर्ने पहिलो बैंक भएको छ । यसपछि सिटिजन्स बैंकको एटीएम तथा पिओएस टर्मिनलमा नेपालपे कार्डका साथै डिक्भर, डिनर्स र पल्स जस्ता अन्तर्राष्ट्रिय कार्डहरू पनि स्वीकार हुनेछन् ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरूबाट १९ लाख ७६ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

## लामो ब्याट्री ब्याकअपसहित रेडमी नोट १५ नेपालमा

**काठमाडौं (प्रस)–** विश्वप्रसिद्ध प्रविधि कम्पनी शाओमीले आफ्नो नयाँ स्मार्टफोन रेडमी नोट १५ नेपाली बजारमा ल्याएको छ। आकर्षक डिजाइन, उत्कृष्ट कार्यसम्पादन, जीवन्त डिस्प्ले, उन्नत एआई फिचर तथा अत्याधुनिक सुरक्षा प्रविधिसहित यो स्मार्टफोन नेपालभर उपलब्ध छ। रेडमी नोट १५मा ६००० एमएएच क्षमताको शक्तिशाली ब्याट्री दिइएको छ, जसले लामो समयसम्म प्रयोग गर्न सकिने सुविधा प्रदान गर्छ। यसमा ३३ वाट टर्बो चार्जिङ र १८ वाट रिभर्स चार्जिङ सपोर्ट छ। स्मार्ट चार्जिङ इन्जिनले ब्याट्रीको स्वास्थ्य र कार्यक्षमताको रियल-टाइम व्यवस्थापन गर्छ। २,००० पटकसम्म चार्ज गर्दा पनि ब्याट्रीको क्षमता ८० प्रतिशतभन्दा बढी कायम रहने भएकाले ६ वर्षभन्दा बढी भरपर्दो प्रयोग सुनिश्चित हुन्छ। एकपटक फुल चार्ज गर्दा फोनले दुई दिनसम्म प्रयोग, २४ घण्टा भिडियो प्लेब्याक वा ५० घण्टासम्म कल सपोर्ट गर्न सक्छ।



विभिन्न चार रंगमा उपलब्ध यो फोन हल्का वर्षा, पानीका छिटा वा धुलोयुक्त वातावरणमा पनि सहज रूपमा प्रयोग गर्न सकिन्छ। त्यस्तै १.८ मिटर उचाइबाट खस्दा पनि सुरक्षित रहने अल्ट्रा-ड्युरेबल डिस्प्ले ग्लास तथा बलियो मदरबोर्ड र मजबुत मिड-फ्रेमसहितको आन्तरिक संरचनाले फोनका महत्वपूर्ण पार्ट्स सुरक्षित राख्छ। १०८ मेगापिक्सेलको मूल्य क्यामेरा रहेको मोबाइलमा २८ मेगापिक्सेलको फ्रन्ट क्यामेरा रहेको छ ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ